श्री सर्वोच्च अदालतसमक्ष प्रस्तुत गरेको
लिखितजवाफ

रिट नं. ०७७-WC-००२८ ।

मार्फत : महान्यायाधिवक्ताको कार्यालय, रामशाहपथ ।

राष्ट्रपतिको कार्यालयको तर्फवाट ऐ. का सचिव डा. हरि पौडेल .....
..... लिखित जवाफ प्रस्तुतकर्ता (प्रत्यर्थी)

विरुद्ध

का.जि. वुढानिलकण्ठ न.पा. वडा नं. ११ वस्ने वर्ष ३५ को अधिवक्ता सन्तोष भण्डारी समेत ..... विपक्षी (रिट निवेदक)

मुद्दाः उत्प्रेषण ।

रिट निवेदकले राष्ट्रपतिको कार्यालय समेतलाई विपक्षी बनाई सम्मानीत अदालतमा दायर गर्नु भएको रिट नं. ०७७-WC-००२८ को उत्प्रेषण समेतको रिट निवेदनमा सम्मानीत अदालतको मिति २०७७/९/१० को आदेश सहितको मिति २०७७/९/१२ को सूचनाको म्याद मिति २०७७/९/१३ मा यस कार्यालयमा तामेल भएकोले सो आदेशमा उल्लिखित म्यादभित्रै महान्यायाधिवक्ताको कार्यालयमार्फत यो लिखित जवाफ प्रस्तुत गरिएको व्यहोरा सादर अनुरोध गर्दछु ।

१. नेपालको संविधानको धारा ७६ मा मन्त्रिपरिषद्को गठनसम्वन्धी व्यवस्था भए अनुसार प्रारम्भमा राष्ट्रपतिले बहुमत प्राप्त दलको संसदीय दलको नेतालाई प्रधानमन्त्री चुन्नुपर्ने हुन्छ । कुनै पनि दलसँग स्पष्ट बहुमत नभएको खण्डमा संसदमा प्रतिनिधित्व गर्ने २ वा २ भन्दा वढी दलका वहुमत सांसदको समर्थन प्राप्त

Scanned with CamScanner

गर्न सक्ने संसद सदस्य राष्ट्रपतिबाट प्रधानमन्त्रीमा नियुक्त हुने व्यवस्था संविधानको धारा ७६ को उपधारा (३) मा उल्लेख छ । यसरी चुनिएका प्रधानमन्त्रीले ३० दिनभित्र विश्वासको मत प्राप्त गर्नुपर्ने र नसकेमा बहुमत सांसदको विश्वास मत प्राप्त गर्न सक्ने आधार प्रस्तुत गर्ने संसद सदस्यलाई राष्ट्रपतिले प्रधानमन्त्रीमा नियुक्त गर्न सक्ने व्यवस्था उपधारा (५) मा छ । त्यसरी नियुक्त भएका प्रधानमन्त्रीले विश्वासको मत प्राप्त गर्न नसकेमा मात्र संसद विघटनका लागि सिफारिस गर्न सक्ने संवैधानिक व्यवस्था छ । संविधान र कानूनको पालना ऐच्छिक नभई बाध्यात्मक हुने र यसको विरूद्धमा गरिने कार्य वदरभागी हुँदा मिति २०७७/९/५ गते विपक्षी प्रधानमन्त्रीबाट भएको प्रतिनिधि सभाको विघटनको सिफारिसमा अर्का विपक्षी सम्माननीय राष्ट्रपतिज्यूको कार्यालयबाट स्वीकृत गर्ने कार्य उत्प्रेषणको आदेशद्वारा वदर गरी पाउँ भनी यस कार्यालयलाई समेत विपक्षी बनाई निवेदक समेतले रिट निवेदन दिएको पाइयो ।

२. नेपालको संविधानको धारा ६६ को उपधारा (२) मा नेपालको संविधान वा संघीय कानून बमोजिम कुनै निकाय वा पदाधिकारीको सिफारिसमा गरिने भनी किटानीसाथ व्यवस्था भएको कार्य बाहेक राष्ट्रपतिबाट सम्पादन गरिने अन्य जुनसुकै कार्य मन्त्रिपरिषद्को सिफारिस र सम्मतिबाट हुनेछ र त्यस्तो सिफारिस र सम्मति प्रधानमन्त्री मार्फत पेश हुनेछ भन्ने व्यवस्था रहेको छ । प्रस्तुत संवैधानिक व्यवस्था अनुसार कुनै निकाय वा पदाधिकारीको सिफारिसमा गरिने भनी किटानीसाथ व्यवस्था भएको कार्य बाहेकका कार्यहरु मन्त्रिपरिषद्को सिफारिसमा हुने भनी स्पष्ट उल्लेख भएको र मिति २०७७/०९/०५ मा बसेको मन्त्रिपरिषदको बैठकबाट नेपालको संविधानको धारा ७६ को उपधारा (१) र (७) तथा धारा ८५ एवम् संसदीय प्रणालीको आधारभूत मर्म एवम् मुल्य मान्यता तथा हाम्रो आफ्नै र संसदीय प्रणाली भएका विभिन्न मुलुकहरुको अभ्यास बमोजिम संघीय संसदको वर्तमान प्रतिनिधि सभा विघटन गरी नेपाली जनता समक्ष जान मिति २०७८ साल वैशाख १७ गते शुक्रवार पहिलो चरणमा र मिति २०७८ साल वैशाख २७ गते सोमवार दोस्रो चरणमा अर्को प्रतिनिधि सभाको निर्वाचन गर्ने गरी मिति तोक्न निर्णय भई सोही बमोजिम सम्माननीय प्रधानमन्त्रीज्यूबाट सिफारिस भएकोले उक्त सिफारिसका आधारमा सम्माननीय राष्ट्रपतिज्यूबाट प्रतिनिधि सभा विघटन गरी निर्वाचनको मिति तोक्ने कार्य भएकोले सो कार्य संविधानसम्मत नै हुँदा निवेदकको रिट निवेदन बदरभागी हुँदा खारेज गरिपाउँ ।

Scanned with CamScanner

३. प्रस्तुत रिट निवेदनको सुनुवाईको क्रममा सरकारी वकीलबाट प्रस्तुत हुने वहस पैरवी यसै रिट निवेदनको अभिन्न अंग मानी पाउँ ।

४. यसमा माथि लेखिएको व्यहोरा साँचो छ, झुट्टा ठहरे कानून वमोजिम सहुँला, बुझाउँला ।

लिखितजवाफ प्रस्तुतकर्ता

(डा. हरि पौडेल)
सचिव
राष्ट्रपतिको कार्यालय
महाराजगञ्ज, काठमाडौं ।

इति सम्वत् २०७७ साल पुस महिना १९ गते रोज १ शुभम् .....

Scanned with CamScanner

श्री सर्वोच्च अदालत, संवैधानिक इजलासमा चढाएको

लिखित जवाफ

मार्फत : महान्यायाधिवक्ताको कार्यालय, रामशाहपथ, काठमाडौं।

प्रतिनिधि सभाका सभामुख अग्नि प्रसाद सापकोटा.....लिखित जवाफ प्रस्तुतकर्ता

प्रत्यर्थी

विरुद्ध

जिल्ला ललितपुर, ललितपुर म.न.पा.वडा नं.१४ बस्ने जिल्ला लमजुङबाट

प्रतिनिधि सभामा निर्वाचित सदस्य एवं नेपाल कम्युनिष्ट पार्टी (ने.क.पा.)

संसदीय दलका प्रमुख सचेतक बर्ष ६२ को देव प्रसाद गुरुङ.....रिट निवेदक

विपक्षी

विषयः- सम्वत् २०७७ सालको रिट नं. ०७७-WC-००३७ को रिट निवेदन सम्बन्धमा ।

मुद्दाः उत्प्रेषण।

विपक्षी रिट निवेदक ने.क.पा. संसदीय दलका प्रमुख सचेतक देव प्रसाद गुरुङ समेतले म प्रतिनिधि सभाको सभामुख समेतलाई प्रत्यर्थी बनाई दायर गर्नु भएको रिट निवेदनका सम्बन्धमा के कसो भएको हो ? निवेदकको माग बमोजिमको आदेश किन जारी हुनु नपर्ने हो ? आदेश प्राप्त भएको मितिले म्याद थाम्न थमाउन नपाउने गरी २०७७।०९।१९ गते भित्र महान्यायाधिवक्ताको कार्यालय मार्फत लिखित जवाफ पठाउन भनी सम्मानित सर्वोच्च अदालतको संबैधानिक इजलासबाट जारी भएको आदेशसहितको सूचना मिति २०७७/०९/१३/०२ मा प्राप्त भएकोले उक्त म्यादभित्रै यो लिखित जवाफ प्रस्तुत गरेको छु ।

१. विपक्षी सम्माननीय प्रधानमन्त्रीले प्रतिनिधि सभा विघटन गरी मिति २०७८।०१।१७ र २०७८।०१।२७ मा प्रतिनिधि सभाको निर्वाचनको लागि गर्नुभएको सिफारिस र सो सिफारिसको आधारमा सम्माननीय राष्ट्रपतिले प्रतिनिधि सभा विघटन गर्ने गरी गरेको निर्णयबाट हामी रिट निवेदकहरु प्रतिनिधि सभाको ५ वर्षसम्म प्रतिनिधित्व गर्न पाउने हकबाट वञ्चित भएका छौं। अतः २०७७।०९।०५ मा प्रधानमन्त्रीले गर्नुभएको सिफारिस र सो सिफारिसका आधारमा राष्ट्रपतिद्वारा प्रतिनिधि सभाको विघटन सम्बन्धित सम्पूर्ण काम कार्यवाही र सो सिफारिसका आधारमा भए गरेका अन्य सम्पूर्ण कार्यहरु नेपालको संविधानको धारा १३३ को उपधारा (२) र उपधारा (३) बमोजिम उत्प्रेषणको आदेशद्वारा बदर गरी

Scanned with CamScanner

प्रतिनिधि सभाले गर्नुपर्ने कामहरु सम्पादन गर्न आवश्यक र उपयुक्त आदेश जारी गरी पाउँ, साथै प्रस्तुत मुद्दाको अन्तिम किनारा गर्न समय लाग्ने भएकाले र संविधानको धारा ९३ बमोजिम संसदको अधिवेशन यही पुस १८ गतेभित्र बोलाउनुपर्ने बाध्यात्मक व्यवस्था भएकाले सर्वोच्च अदालत नियमावली २०७४ को नियम ४९ बमोजिम प्रस्तुत निवेदनको किनारा नलाग्दासम्म प्रधानमन्त्रीले मिति २०७७।०९।०५ गते प्रतिनिधि सभा विघटन गर्न गरेको असंवैधानिक सिफारिस र सो गैर संवैधानिक सिफारिसका आधारमा सम्माननीय राष्ट्रपतिले मिति २०७७।०९।०५ गते प्रतिनिधि सभा विघटन गरी निर्वाचनको मिति तोक्ने गरी गरेका निर्णय कार्यान्वयन नगर्नु नगराउनु र मिति २०७७।०९।१८ भित्रै प्रतिनिधि सभाको सातौं अधिवेशन समेत आहान गर्नु गराउनु भनी विपक्षीहरुका नाममा अन्तरिम आदेश समेत जारी गरी पाउँ भन्ने रिट निवेदकहरुको मुख्य जिकिर रहेको र तत्सम्बन्धी अन्य व्यहोरा निवेदन पत्रबाटै अवगत हुने नै हुँदा यहाँ पुनरावृत्ति गरिएको छैन ।

२. नेपालको संविधानले शक्तिपृथकीकरण (Separation of Power) को सिद्धान्तलाई स्वीकार गरी कार्यपालिका, व्यवस्थापिका तथा न्यायपालिका सम्बन्धी संवैधानिक व्यवस्था गरेको छ । यसको तात्पर्य राज्यका तीनै अंगहरु एक अर्काप्रति उत्तरदायी (Responsible) नभै स्वतन्त्र (Independent) रुपमा कार्य गर्न सक्षम (Competent) छन् भन्ने नै हो । तथापि त्यस्तो सक्षमता स्वेच्छाचार (Tyrannt) हुने वा रहने भन्ने होइन । सक्षमता वा स्वतन्त्रताको प्रयोग गर्दा संविधान र कानूनको प्रचलित मान्यतालाई आत्मसात् गर्दै आ-आफ्नो कार्य गर्नु पर्ने हुन्छ, तर नेपालको संविधानको धारा ९३ को उपधारा (१) बमोजिम सम्वत् २०७७ साल पुस १७ गते भित्र संघीय संसदको सातौं अधिवेशन शुरु गर्न गृह कार्य भइरहँदा अप्रत्यासित रुपमा प्रतिनिधि सभा विघटन हुँदा सिगो प्रतिनिधि सभा तथा म समेतलाई मर्माहत बनाएको मात्र होइन, सार्वभौम जनताको प्रतिनिधिमूलक संस्था संसद उपर हस्तक्षेप हुन गएको देखिन्छ । त्यस्तो हस्तक्षेप नेपालको संविधानको मर्म र भावना अनुरुप समेत देखिन नआएको हुँदा रिट निवेदकहरुको दावी संविधान बमोजिम नै देखिएकोले प्रतिनिधि सभा विघटन हुन सक्ने कुनै आधार छैन । यसर्थ,प्रतिनिधि सभा विघटनको विषय स्वतः खारेज भागी छ ।

३. नेपालको संविधानको व्यवस्थालाई अध्ययन गर्दा संविधानको धारा ७६ को उपधारा (१) मा राष्ट्रपतिले प्रतिनिधि सभामा बहुमत प्राप्त संसदीय दलको नेतालाई प्रधानमन्त्री नियुक्त गर्नेछ र निजको अध्यक्षतामा मन्त्रिपरिषद्को गठन हुनेछ भन्ने व्यवस्था गरिएको छ । त्यसै गरी उपधारा (२) मा उपधारा (१) बमोजिम प्रतिनिधि सभामा कुनै पनि दलको स्पष्ट बहुमत नरहेको अवस्थामा प्रतिनिधि सभामा प्रतिनिधित्व गर्ने दुई वा दुई भन्दा बढी दलहरुको समर्थनमा बहुमत प्राप्त गर्न सक्ने प्रतिनिधि सभाको सदस्यलाई राष्ट्रपतिले प्रधानमन्त्री नियुक्त गर्नेछ भन्ने व्यवस्था गरेको देखिन्छ। त्यसै गरी सोही धाराको उपधारा (३) मा प्रतिनिधि सभाको निर्वाचनको अन्तिम परिणाम घोषणा भएको मितिले तीस दिनभित्र उपधारा (२) बमोजिम प्रधानमन्त्री नियुक्त हुन सक्ने अवस्था नभएमा वा त्यसरी नियुक्त प्रधानमन्त्रीले उपधारा (४) बमोजिम विश्वासको मत प्राप्त गर्न नसकेमा राष्ट्रपतिले प्रतिनिधि सभामा सबैभन्दा बढी सदस्यहरु भएको दलको संसदीय दलको नेतालाई प्रधानमन्त्री नियुक्त गर्ने र उपधारा (४) मा उपधारा (२) वा (३) बमोजिम नियुक्त प्रधानमन्त्रीले त्यसरी नियुक्त भएको मितिले तीस दिनभित्र प्रतिनिधि सभाबाट विश्वासको मत प्राप्त गर्नुपर्नेछ भन्ने संवैधानिक व्यवस्था गरेको छ । त्यसै गरी सोही धाराको उपधारा (५) मा **उपधारा (३) बमोजिम नियुक्त प्रधानमन्त्रीले उपधारा (४) बमोजिम विश्वासको मत प्राप्त गर्न नसकेमा उपधारा (२) बमोजिमको कुनै सदस्यले प्रतिनिधि सभामा विश्वासको मत प्राप्त गर्न सक्ने आधार प्रस्तुत गरेमा राष्ट्रपतिले त्यस्तो सदस्यलाई प्रधानमन्त्री नियुक्त गर्ने व्यवस्था गरिएको र सोही धाराको उपधारा (६) मा उपधारा (५) बमोजिम नियुक्त प्रधानमन्त्रीले उपधारा (४) बमोजिम विश्वासको मत प्राप्त गर्नुपर्ने**

Scanned with CamScanner

व्यवस्था गरिएको छ र उपधारा (७) मा उपधारा (५) बमोजिम नियुक्त प्रधानमन्त्रीले विश्वासको मत प्राप्त गर्न नसकेमा वा प्रधानमन्त्री नियुक्त हुन नसकेको अवस्थामा मात्र प्रधानमन्त्रीको सिफारिसमा राष्ट्रपतिले प्रतिनिधि सभा विघटन गरी छ महिनाभित्र अर्को प्रतिनिधि सभाको निर्वाचन सम्पन्न हुने गरी निर्वाचनको मिति तोक्नेछ भन्ने संवैधानिक व्यवस्था रहेको छ । तर, प्रतिनिधि सभाको विघटन हुँदा उपरोक्त अनुरुपको कुनै पनि संवैधानिक व्यवस्थाको पालना गरिएको छैन । यसर्थ, म,प्रतिनिधि सभाको विघटनको पक्षमा नरहेको व्यहोरा सम्मानित अदालत समक्ष अनुरोध छ ।

४. नेपालको संविधानको धारा ७६ मा प्रतिनिधि सभामा सरकार गठन गर्ने विकल्प रहँदासम्म प्रतिनिधि सभा विघटन नहुने स्पष्ट व्यवस्था गरिएको छ । यस सन्दर्भमा संविधानको फरक, व्याख्या नहोस् र शक्ति पृथकीकरण, सन्तुलन र नियन्त्रण कायम राख्न सकियोस् भन्ने मान्यतासहित संविधानमा यस्तो व्यवस्था गरिएको हो । विगतका विसंगतिपूर्ण अभ्यासलाई सच्याउँदै स्थिरता र संविधान मार्फत समृद्धिको जनचाहनालाई सम्बोधन गर्न् प्रतिनिधि सभाको पूर्ण कार्यकालको परिकल्पना गरिएको अवस्था हो । यसैले प्रतिनिधि सभामा कुनै पनि दलको स्पष्ट वहुमत नरहेको अवस्थामा पनि प्रधानमन्त्री नियुक्त हुने विभिन्न सम्भावनाहरुलाई व्यवस्था गर्न खोजिएको छ ।यहाँ सम्मकी नेपालको संविधानले प्रतिनिधि सभाको सदस्यले समेत सरकार गठन गर्न सक्ने अवस्था नभएमा मात्र प्रतिनिधि सभा विघटन हुन सक्छ । तर, प्रस्तुत विघटनमा त्यसको कुनै पालना भएको देखिएन । यसर्थ, प्रतिनिधि सभा विघटन हुन नसक्ने रिट निवेदकहरुको जिकिर उपयुक्त नै रहेकोले उक्त सभा पुर्नबहाली हुने स्पष्ट संवैधानिक आधार रहेको हुँदा सोही व्यहोरा सम्मानित अदालत समक्ष अनुरोध छ ।

५. सम्माननीय राष्ट्रपतिबाट प्रतिनिधि सभा विघटनको सिफारिस कार्यान्वयनको निर्णय भएकै दिन मिति २०७७।०९।०५ मा प्रतिनिधि सभाका सदस्यहरुले सम्माननीय प्रधानमन्त्री विरुद्ध अविश्वासको प्रस्ताव संघीय संसद सचिवालयमा दर्ता भएको व्यहोरा समेत सम्मानित अदालत समक्ष अनुरोध छ ।

६. प्रस्तुत विषय सम्मानित अदालतको इजलास समक्ष पेश हुँदा मेरो तर्फको कानून व्यवसायीबाट हुने बहस पैरवी र प्रतिरक्षा समेतलाई यसै लिखित जवाफको अभिन्न अंग मानी पाउँ ।

७. यसमा लेखिएको व्यहोरा ठीक साँचो हो, झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाँउला ।

लिखित जवाफ प्रस्तुतकर्ता,

(अग्नि प्रसाद सापकोटा)
सभामुख
प्रतिनिधि सभा

इति सम्वत् २०७७ साल पुस १९ गते १ रोज शुभम्.....।

Scanned with CamScanner

श्री सर्वोच्च अदालतमा चढाएको

लिखित जवाफ

मार्फतः श्री महान्यायाधिवक्ताको कार्यालय,
सिंहदरबार ।

सम्बत् २०७७ सालको रिट नं. ----------WC-००३१

नेपाल सरकार,प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको तर्फबाट ऐ
को सचिव धनराज ज्ञवाली ----------लिखित जवाफ प्रस्तुतकर्ता
प्रत्यर्थी

विरुद्ध

भक्तपुर जिल्ला, दधिकोट- ५ बस्ने अङ्गिरस न्यौपानेको छोरा वर्ष ४६ को कञ्चनकृष्ण न्यौपाने ----विपक्षी/रिट निवेदक

मुद्दाः-उत्प्रेषण समेत ।

विपक्षी रिट निवेदकले नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेतलाई प्रत्यर्थी बनाई सम्मानित अदालतसमक्ष दिनु भएको सम्बत् २०७७ सालको रिट नं. WC-००३१ को रिट निवेदनमा के कसो भएको हो ? निवेदकको माग बमोजिमको आदेश किन जारी हुनु नपर्ने हो ? आदेश जारी हुन नपर्ने भए सोको आधार र कारण सहित मिति २०७७।९।१९ गतेभित्र महान्यायाधिवक्ताको कार्यालय मार्फत लिखित जवाफ पेश गर्नु भन्ने आदेश सहितको सूचना प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा मिति २०७७।९।१३ मा प्राप्त हुन आएकोमा म्यादभित्रै देहाय बमोजिम लिखित जवाफ पेश गरेको छुः-

१. नेपालको संविधानको धारा १,२,३,४,५, तथा धारा ६१, ७६, ८३,८४,८५ को संवैधानिक प्रावधान विपरीत प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सिफारिसमा राष्ट्रपति समक्ष पेश गरिएको र सो बमोजिम संसद विघटन गर्ने निर्णय भएको छ । प्रस्तुत निर्णय संवैधानिक प्रावधान एवं जनादेशको प्रतिकूल रहेको छ। नेपालको संविधानको धारा ८५ मा प्रतिनिधि सभाको कार्यकाल तथा धारा ७६ मा मन्त्रिपरिषद गठन सम्बन्धी व्यवस्था रहेको छ । उक्त व्यवस्था बाहेक प्रधानमन्त्रीले संसद विघटनको सिफारिस गर्न सक्दैनन् । संविधान विपरीत संसद विघटन गर्ने अधिकार प्रधानमन्त्री तथा राष्ट्रपतिलाई छैन । तसर्थ राष्ट्रपतिबाट भएको संसद विघटनको निर्णय संविधान विपरीत रहेकोले बदरभागी छ । संसदको अधिवेशन बोलाउनु पर्ने समयमा समेत नियमित संसदीय प्रक्रियाबाट राज्य संचालनका विभिन्न काम कारवाही गर्नु पर्नेमा उक्त कानूनी तथा संवैधानिक व्यवस्थालाई नजरअन्दाज गर्दै जनताको दैनिकीमा समेत अपट्यारो अवस्था रहेको परिस्थितिमा संविधान तथा जनभावना विपरीत पेश भएको संसद विघटनको प्रस्ताव संविधान तथा लोकतन्त्रकै गम्भीर उपहास हुने हुँदा संविधानको मूल भावना र मर्म मै गम्भीर आघात पर्न जान्छ । तसर्थ, मिति २०७७।९।५ गतेको प्रतिनिधि सभा विघटनको निर्णय कार्यान्वय नगर्नु नगराउनु र संसद पुनर्थापना गर्न आदेश जारी गरी पाउँ भन्ने समेत व्यहोराको निवेदन दावी रहेछ ।

२. विपक्षी निवेदकले दावी लिनु भएको विषयमा नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको के, कस्तो संलग्नता रहेको हो ? साथै यस कार्यालयको के कस्तो काम, कारवाही वा निर्णयबाट निवेदकको के कस्तो संवैधानिक तथा कानूनी हक अधिकारको हनन् भएको हो ? भन्ने सम्बन्धमा निवेदनमा कुनै कुरा उल्लेख भएको

Scanned with CamScanner

छैन । कसैका विरुद्द कुनै कुराको दावी लिंदा तत्सम्बन्धमा रहेको संलग्नता र प्रत्यर्थी बनाउनु पर्नाको आधार र कारण निवेदनमा स्पष्टसंग उल्लेख गरिएको हुनु पर्दछ । सोको अभावमा रिट जारी हुन सक्दैन ।

३. नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७७।९।५ सम्पन्न बैठकबाट नेपालको संविधान र संसदीय प्रणालीको आधारभूत मर्म एवं मूल्य मान्यता तथा हाम्रो आफ्नै र संसदीय प्रणाली भएका विभिन्न मुलुकहरूको अभ्यासबमोजिम सङ्घीय संसदको वर्तमान प्रतिनिधि सभा विघटन गरी ताजा जनादेशका लागि नेपाली जनतासमक्ष जान मिति २०७८ साल वैशाख १७ गते शुक्रबार पहिलो चरणमा र वैशाख २७ गते सोमवार दोस्रो चरणमा अर्को प्रतिनिधिसभाको निर्वाचन सम्पन्न गर्ने गरी निर्वाचनको मिति तोक्न सम्माननीय राष्ट्रपतिसमक्ष सिफारिस गर्ने गरी निर्णय भएको र सो निर्णय सहित सम्माननीय प्रधानमन्त्रीबाट सम्माननीय राष्ट्रपतिसमक्ष सिफारिस भएको विषय नितान्त राजनीतिक निर्णयको विषय हो ।

४. रिट निवेदकले संविधानको धारा १,२,३ तथा ५ एवं धारा ८३, ८४ एवं ८५ को के कुन आधारमा प्रतिनिधि सभा विघटन गर्ने सम्बन्धी निर्णय प्रतिकूल भएको हो ? सोको कुनै तथ्यसम्मत दावी पेश गर्न सकेको देखिंदैन । नेपाल सरकार, मन्त्रिपरिषदबाट निर्णय भएको तथा सम्माननीय प्रधानमन्त्रीबाट राष्ट्रपति समक्ष सिफारिस भई सोही सिफारिसको आधारमा सम्माननीय राष्ट्रपतिबाट प्रतिनिधि सभाको विघटनको भई नयाँ निर्वाचनको लागि मिति तोकिएको छ । निर्वाचनको लागि सम्बन्धित निकायबाट आवश्यक कार्य हुने नै हुन्छ । बहुमत प्राप्त दलको नेतृत्वमा रहेको प्रधानमन्त्रीले निश्चित आधार र कारण सहित जनतामा जानु पर्ने अवस्था सिर्जना भएको भनी सो कुरा तथ्य सहित प्रस्तुत गरेको अवस्थामा त्यसले कसैको कुनै हक अधिकारको हनन् हुने हुँदैन ।संविधानको धारा ८३ को संघीय व्यवस्थापिका तथा धारा ८४ को प्रतिनिधि सभाले बहुमत प्राप्त प्रधानमन्त्रीलाई सहयोग नभएको ठानेको अवस्थामा त्यस्तो प्रधानमन्त्रीले संविधानको धारा ७५ बमोजिमको कार्यकारिणी अधिकारको प्रयोग गरी प्रतिनिधि सभा विघटन गर्ने सम्बन्धमा सम्माननीय राष्ट्रपति समक्ष सिफारिस गर्न नसक्ने भन्ने हुँदैन ।

५. नेपालको संविधानको धारा ७५ को उपधारा (१) ले नेपालको कार्यकारिणी अधिकार यो संविधान र कानून बमोजिम मन्त्रिपरिषदमा निहित हुनेछ भन्ने व्यवस्था रहेको भने ऐ को उपधारा (२) मा यो संविधान र कानूनको अधीनमा रही नेपालको शासन व्यवस्थाको समान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने अभिभारा मन्त्रिपरिषदमा हुनेछ भनी नेपालको शासन व्यवस्थाको सञ्चालन सहितको अभिभारा मन्त्रिपरिषदमा हुने गरी व्यवस्था गरेको छ । त्यस्तै ऐ को उपधारा (३) ले नेपालको संघीय कार्यकारिणी सम्बन्धी सम्पूर्ण काम नेपाल सरकारको नाममा हुने गरी व्यवस्था गरेको छ । त्यस्तै संविधानको धारा ७४ मा शासकीय स्वरुप सम्बन्धी व्यवस्था रहेको छ । जस अनुसार बहुलवादमा आधारित बुहुदलीय प्रतिष्पर्धात्मक संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संसदीय शासन प्रणाली हुने स्पष्ट छ । संसदीय शासन प्रणाली भनेकै प्रधानमन्त्री संसदप्रति उत्तरदायी हुने, संसदलाई विजनेश सरकारले दिने तथा संसदको विघटन प्रधानमन्त्रीले गर्न सक्ने पद्धति हो ।

६. नेपालको संविधानको धारा ८५ ले प्रतिनिधि सभा अगावै विघटन हुन सक्ने व्यवस्था गरेको छ । धारा ९१ को उपधारा (६) को खण्ड (क) मा उल्लिखित प्रतिबन्धात्मक वाक्यांशले पनि प्रतिनिधि सभा विघटन हुने स्पष्ट गरेको छ । सो व्यवस्थामा कुनै पूर्वशर्त राखिएको छैन । प्रतिनिधि सभाको कार्यकालका बारेमा धारा २१५ को उपधारा (६), धारा २१६ को उपधारा (६) र धारा २२५ लाई धारा ८५ सँग तुलना गर्नु पर्ने हुन्छ । यी धाराहरुले सम्बन्धित स्थानीय तहको लागि किटानी पदावधि कायम गरेको छ भने प्रतिनिधि सभाका संदस्यको हकमा सो व्यवस्था रहेको छैन । संविधानको धारा ५८ तथा धारा ३०६ को (ज) ले गरेको अवशिष्ट अधिकारको प्रयोग गर्ने अख्तियारी संघमा रहने र धारा ७५ बमोजिम त्यस्तो अधिकारको प्रयोग कार्यकारिणीबाट नै हुने हुँदा बहुमत प्राप्त दलको नेताले मुलुकको लागि चुनावमा जानु पर्ने भएकोले चुनावमा जान प्रतिनिधि सभा विघटनको लागि सिफारिस गर्न नपाउने भन्ने हुँदैन ।

७. जहाँसम्म स्रोत व्यवस्थापनको विषय छ सो सम्बन्धमा रिट निवेदकले चिन्ता र चासो लिनु अश्वाभाविक नभए तापनि यो विषय कार्यकारिणीबाट आवश्यक व्यवस्थापन हुने विषय हो । मौलिक हक अन्तरगत रहेको स्वास्थ्य सम्बन्धी हकको व्यवस्थापनको लागि आवश्यक व्यवस्था गरिएकै छ । कोभिड-१९ को खोपको सम्बन्धमा निःशुल्क

Scanned with CamScanner

उपलब्ध हुने व्यवस्था सम्बन्धमा आवश्यक कार्य भएकै छन् । तसर्थ स्रोत नभएकोले कोभिड-१९ को प्रभाव भएको भन्ने नै होइन । पर्याप्त स्रोत साधन भएका मुलुकमा यसको प्रभाव र जोखिम भयावह भएको परिप्रेक्षमा कुनै विषयमा स्रोतको कारण कुनै कार्य नहुने भन्ने नै हुँदैन । मुलुकको अर्थतन्त्र के कस्तो छ संविधानले व्यवस्था गरेको आर्थिक प्रणालीलाई कसरी व्यवस्थित गर्ने मुलुकले गर्नु पर्ने खर्चहरु के कसरी गर्ने भन्ने विषय नितान्त कार्यकारिणीका विषय हुन। प्रचलित कानूनको परिधिभित्र रही कानून बमोजिम श्रोतको व्यवस्थापन हुने विषयमा रिट क्षेत्राधिकारद्वारा पुनरावलोकन गरी न्यायीक मापदण्ड स्थापित गर्न सम्भव र बाञ्छनीय हुँदैन । **देशको आर्थिक अवस्थाले निर्वाचनको भार थाम्न सक्छ वा सक्दैन अथवा त्यस्तो कुनै कारणबाट प्रतिनिधि सभाको विघटन हुनु उपर्युक्त थियो वा थिएन इत्यादी प्रश्नहरु राजनैतिक प्रश्नहरु भएका र तिनको निरुपण विशुद्ध राजनैतिक आधारमा हुने भएकाले यस्ता प्रश्नहरु न्याययोग्य प्रश्न हुदैनन्** भनी सम्मानित सर्वोच्च अदालतबाट २०५९ सालको रिट नं ३५४२ मा सिद्धान्त कायम भइसकेको छ । तसर्थ श्रोत व्यवस्थापनको विषय कार्यकारिणीबाट सम्वोधन हुने विषय भएकोले प्रस्तुत दावी अदालतबाट न्याय निरोपण हुन नमिल्ने हुँदा रिट निवेदन खारेजभागी छ ।

८. रिट निवेदकले समावधि अगावै संसद विघटन हुँदा नजिर स्थापित हुन जाने भएकोले प्रतिनिधि सभाको विघटन हुनु हुदैन भन्ने दावीको सम्बन्धमा संविधानको धारा ७६, धारा ८५ तथा धारा १०० बमोजिम यस्तो स्थायित्व निर्देशित र निर्धारण हुने हो । कुनै सरकार तथा संसदलाई अदालतबाट स्थायीत्व प्रदान हुने होइन । शक्तिको पृथकीकरण तथा नियन्त्रण र सन्तुलनको परिधिमामात्र यसको सार्थकता सिद्ध हुने हो । बहुदलीय पद्धतिमा राज्य सञ्चालनको सन्दर्भमा दलहरु नै यसको प्रमुख जिम्मेवार हुन् । आफ्नो दलमा असल दलीय आचरण कायम गर्न पदावधि बाँकी छदै कुनै बहुमत प्राप्त प्रधानमन्त्रीले म जनताको ताजा जनादेशको लागि जनता समक्ष जान्छु र जन अभिमतको आधारमा निर्णय लिन्छु भन्ने र गर्न नपाउने भनी दायर निवेदन नै अनुचित छ । तसर्थ नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७७।९।५ को निर्णय तथा सम्माननीय प्रधानमन्त्रीज्यूको सिफारिस तथा सोही सिफारिस बमोजिम सम्माननीय राष्ट्रपतिज्यूबाट मिति २०७७।९।५ मा प्रतिनिधि सभा विघटन गरी आगामि २०७८।१।१७ र २७ मा प्रतिनिधि सभा विघटन गर्ने गरी भएको निर्णय संविधान तथा संसदीय प्रणालीको मूल्य एवं मान्यता बमोजिम नै भएकोले त्यसलाई अन्यथा भन्नु पर्ने नहुँदा प्रस्तुत रिट निवेदन खारेजभागी छ ।

९. अतः उल्लेखित आधारमा प्रस्तुत निवेदन खारेज गरी पाउन सम्मानित अदालतमा सादर अनुरोध गर्दछु ।

१०. प्रस्तुत रिट निवेदनमा रिट निवेदकले प्रत्यर्थी बनाएका अन्य संस्था वा निकायबाट भए गरेका काम कारवाहीका सम्बन्धमा सम्बनधित निकायबाट प्रस्तुत हुने लिखित जवाफबाट थप अवगत हुने नै छ । यस कार्यालयबाट यसै निवेदनका साथ लगाउमा रहेका अन्य रिट निवेदनमा पेश भएका लिखित जवाफलाई प्रस्तुत लिखित जवाफको अभिन्न अंग मानि पाउँ ।

११. माथी उल्लिखित बुँदाका अतिरिक्त यस कारयालयको तर्फबाट रहनुहुने सरकारी वकीलको वहस पैरवी तथा जिकीर समेतलाई यस लिखित जवाफको अभिन्न अंग मानी पाउँ ।

लिखित जवाफ प्रस्तुतकर्ता

(धनराज ज्ञवाली)
सचिव
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

इति सम्वत् २०७७ साल पुस महिना १७ गते रोज ६ शुभम् ।

Scanned with CamScanner

श्री सर्वोच्च अदालतमा चढाएको

लिखित जवाफको सारसंक्षेपिकरण

मार्फतः श्री महान्यायाधिवक्ताको कार्यालय,
सिंहदरबार ।

सम्बत् २०७७ सालको रिट नं. ----------WC-००३७

प्रधानमन्त्री, केपी शर्मा ओली, नेपाल सरकार,
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय ----------लिखित जवाफ प्रस्तुतकर्ता
प्रत्यर्थी

विरुद्ध

ललितपुर जिल्ला, ललितपुर महानगरपालिका वडा नं. १४ बस्ने देव प्रसाद गुरुङ समेत --------विपक्षी/रिट निवेदक

मुद्दाः-उत्प्रेषण समेत ।

रिट नं. WC-००३७ को रिट निवेदनमा देहाय बमोजिम लिखित जवाफको सारसंक्षेपिकरण पेश गरेको छुः-

१. सम्माननीय प्रधानमन्त्रीको सिफारिसमा सम्माननीय राष्ट्रपतिबाट मिति २०७७।९।५ मा प्रतिनिधिसभा विघटन गरी निर्वाचनको मिति तोक्ने गरी गरेको निर्णय बदर गरी पाउँ भन्ने समेतको निवेदन दावी ।

२. नेपालको वर्तमान संविधानले मुलुकको सार्वभौमसत्ता नेपाली जनतामा निहित रहेको उदघोष गरेको छ । लोकतान्त्रिक पद्धतिलाई जगेर्ना गर्नका लागि ताजा जनादेश लिन गरिएको प्रतिनिधिसभा विघटनबाट निवेदकको हक हनन् भयो भन्न मिल्ने हुँदैन ।

३. प्रतिनिधि सभाको विघटन गरी निर्वाचनमा जाने विषय नितान्त राजनीतिक विषय हो । राजनीतिक प्रश्नमा अदालत प्रवेश नै नगर्ने अभ्यास रहेको छ ।

४. प्रधानमन्त्रीको सिफारिसमा प्रतिनिधिसभा विघटन हुने विषय संसदीय शासन व्यवस्थाको अन्तरनिहित मूल्य (value) हो । राजनीतिक परिवेशको मूल्यांकनका आधारमा प्रधानमन्त्रीले लिने निर्णय राजनीतिक रुपमा नै आमजनताले मूल्यांकन गर्ने विषय हो । यो विषय न्याय निरुपणयोग्य मापदण्डभित्र नपर्ने हुँदा प्रस्तुत रिट खारेजभागी छ ।

Scanned with CamScanner

५. वैकल्पिक सरकारको सम्भावनासम्म नभएको र सरकार सञ्चालनको वैधानिक अधिकारलाई गैरसंवैधानिक तवरले निरन्तर अवरोध भै सरकारलाई काम गर्न नदिएको अवस्थामा प्रतिनिधिसभा विघटन गर्नु पर्ने बाध्यात्मक राजनीतिक परिस्थिति आइपरेको हो ।

६. प्रधानमन्त्रीले संसद विघटन गर्न पाउने अधिकार संसदीय प्रणालीको मूलभूत विशेषता हो । सो विशेषता बेगर संविधानको धारा ७४ क्रियाशील हुन सक्दैन । त्यसैगरी धारा ८५ ले प्रतिनिधिसभा अगावै विघटन हुन सक्ने व्यवस्था गरेको छ ।

७. माथि विवेचित संवैधानिक व्यवस्था न्यायिक अभ्यास संसदीय शासन प्रणालीमा आधारभूत मान्यता एवम् संसदीय शासन प्रणाली अवलम्वन गर्ने अन्य मुलुकले गरेको अभ्यास समेतका आधारमा गरिएको प्रतिनिधि सभा विघटनको सिफारिस र सो सिफारिस बमोजिम भएका काम कारवाहीहरु संविधानसम्मत भएको हुँदा रिट निवेदन खारेज गरी पाउन सादर अनुरोध गर्दछु ।

लिखित जवाफ प्रस्तुतकर्ता

(केपी शर्मा ओली)
प्रधानमन्त्री

इति सम्बत् २०७७ साल पुस महिना १७ गते रोज ६ शुभम् ।

Scanned with CamScanner

श्री सर्वोच्च अदालतमा चढाएको

लिखित जवाफ

मार्फतः श्री महान्यायाधिवक्ताको कार्यालय,
सिंहदरबार ।

संवत् २०७७ सालको रिट नं. ----------WC-००३७

प्रधानमन्त्री, केपी शर्मा ओली, नेपाल सरकार,
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय ----------लिखित जवाफ प्रस्तुतकर्ता
प्रत्यर्थी

विरुद्ध

ललितपुर जिल्ला, ललितपुर महानगरपालिका वडा नं.१४ वस्ने देव प्रसाद गुरुङसमेत --------विपक्षी/रिट निवेदक

मुद्दाः-उत्प्रेषण समेत ।

विपक्षी रिट निवेदकहरुले म प्रधानमन्त्रीसमेतलाई प्रत्यर्थी बनाई सम्मानित अदालतसमक्ष दिनुभएको संवत् २०७७ सालको रिट नं. WC-००३७ को रिट निवेदनमा के कसो भएको हो ? निवेदकको मागबमोजिमको आदेश किन जारी हुनु नपर्ने हो ? आदेश जारी हुन नपर्ने भए सोको आधार र कारणसहित मिति २०७७।९।१९ गतेभित्र महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ पेश गर्नु भन्ने आदेशसहितको सूचना प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा मिति २०७७।९।१३ मा प्राप्त हुन आएकोमा म्यादभित्रै देहाय बमोजिम लिखित जवाफ पेश गरेको छुः-

१. रिट निवेदकहरूको मागदावी

निवेदकहरू २०७४ साल मंसिरमा सम्पन्न प्रतिनिधि सभा सदस्यको निर्वाचनबाट निर्वाचित प्रतिनिधि सभाको सदस्य हौं। नेपालको संविधानको धारा ८५ को उपधारा (१) बमोजिम प्रतिनिधि सभाको कार्यकाल ५ वर्षसम्म रहेको छ । मिति २०७७।९।५ गते बिहान १०:३० बजे हामीसमेत गरी ९० जना प्रतिनिधि सभा सदस्यले प्रधानमन्त्री विरुद्ध अविश्वासको प्रस्ताव दर्ता गरेका थियौं । मिति २०७७।९।५ को राष्ट्रपतिको कार्यालयको विज्ञप्तिमा नेपालको संविधानको धारा ७६ को उपधारा (१) र (७) तथा धारा ८५ एवं संसदीय प्रणालीको आधारभूत मर्म एवं मूल्य मान्यता तथा हाम्रो आफ्नै र संसदीय प्रणाली भएका विभिन्न मुलुकहरूको अभ्यासबमोजिम संघीय संसदको वर्तमान प्रतिनिधि सभा विघटन गरी ताजा जनादेशका लागि नेपाली जनतासमक्ष जान प्रधानमन्त्रीबाट सिफारिस भएकोले वर्तमान प्रतिनिधिसभा विघटन गरिएको भन्ने सूचना जारी भएको रहेछ । संविधानको धारा ८५ ले विघटन गर्ने अधिकारको सिर्जना गर्दैन । संविधानको धारा ७६ को उपधारा (७) को अवस्था हाल विद्यमान छैन। परम्परागत संसदीय व्यवस्थाको अवधारणा हामीले यो संविधान जारी गर्दै परित्याग गरी सकेका छौं । प्रधानमन्त्रीको मिति २०७७।९।६ को संवोधनमा अविश्वासको प्रस्ताव आउन लागेकोले प्रतिनिधि सभा विघटन गर्नुपरेको भने तापनि धारा ७६ को उपधारा (७) को अवस्थामा मात्र प्रतिनिधि सभाको विघटन हुनेमा सो अवस्था अहिले छैन । संविधानवादको सिद्धान्तअनुसार लिखित संविधानमा नलेखिएको अधिकार प्रयोग गर्न मिल्दैन। सो कार्यवाट प्रतिनिधि सभाको

Scanned with CamScanner

५ वर्षसम्म प्रतिनिधित्व गर्न पाउने हकबाट निवेदक बञ्चित भएका छौं । राष्ट्रपतिबाट मिति २०७७।९।५ मा प्रतिनिधिसभा विघटन गरी निर्वाचनको मिति तोक्ने गरी गरेको निर्णय बदर गरी मिति २०७७।९।१८ भित्रै प्रतिनिधि सभाको सातौं अधिवेशन आहान गर्नु भनी विपक्षीका नाममा आदेश जारी गरी पाऊँ भन्नेसमेत व्यहोराको निवेदन दाबी रहेछ ।

प्रस्तुत विवादको सन्दर्भमा रिट निवेदकहरूले लिनु भएको दावीमा उल्लेख गर्नुभएका विषयमा प्रवेश गर्नु अगावै सोसँग सान्दर्भिक हुने केही तथ्य म यहाँ प्रस्तुत गर्दछु ।

२. <u>समृद्ध नेपाल र सुखी नेपाली बाहेक मेरो कुनै स्वार्थ छैन</u>

(क) मैले सम्पूर्ण नेपालीको राजनीतिक अधिकार र स्वतन्त्रता; अधिकार र अवसरमा पहुच; सामाजिक न्याय र समानता; भयरहित, सुरक्षित र मर्यादित जीवनलगायतका विषयलाई आत्मसात गरेको परिपूर्ण लोकतन्त्र (कम्प्रिहेन्सिभ डेमोक्रेसी) को स्थापना र अभ्यास गर्ने; लोकतान्त्रिक गणतन्त्र, बहुदलीय प्रतिस्पर्धात्मक राजनीतिक प्रणाली, शक्ति पृथकीकरण, स्वतन्त्र न्यायपालिका, कानूनको शासन, मानव अधिकार, मौलिक हक र स्वतन्त्रताजस्ता लोकतन्त्रका आधारभूत स्तम्भहरूलाई संस्थागत र सुदृढ गर्ने; मुलुकको सार्वभौमसत्ता, स्वाधीनता, भौगोलिक अखण्डता, राष्ट्रिय हित, स्वाभिमान र राष्ट्रिय एकतालाई सुदृढ गर्ने र नेपाललाई समृद्ध र नेपालीलाई सुखी बनाउने दृढ अठोटका साथ राजनीतिक आन्दोलनको प्रारम्भ, विकास र त्यसको नेतृत्व गर्दै आएको छु। नृशंस दमन र अमानवीय यातनाका बावजुद राजनीतिक, आर्थिक, सामाजिक, विदेश सम्बन्ध, समग्र विकास र सुशासनका आयामहरूमा स्पष्ट र मौलिक दृष्टिकोण र नीतिसहित अविचलित रूपमा आम नेपालीलाई एकताबद्ध गर्न र राजनीतिक आन्दोलनलाई निष्कर्षमा पुऱ्याउन मेरा सम्पूर्ण प्रयासहरू केन्द्रित छन्। आधा शताब्दी लामो मेरो राजनीतिक जीवनमा जनता नै सार्वभौमसत्ता र राज्यशक्तिका स्रोत हुन् र संवैधानिक सर्वोच्चता हुनुपर्छ भन्ने मान्यता राख्दै आएको छु । लोकतन्त्रप्रतिको मेरो निष्ठा अटल छ र जन अधिकारका विषयमा मैले कहिल्यै सम्झौता गरेको छैन। नेपालको धरती, नेपालको प्रकृति, नेपालको समृद्धि तथा नेपालीको सुख, सम्मान, सुरक्षा र स्वाभिमान बाहेक मेरा लागि अन्य कुनै स्वार्थका विषय छैनन्।

(ख) मेरो नेतृत्वमा वि.सं. २०७४ साल फागुन ३ गते सरकार गठन भएलगत्तै सरकारले संविधानको सफलतापूर्वक कार्यान्वयन गर्ने; सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीलाई व्यवहारमा संस्थागत गर्ने; सामाजिक, आर्थिकलगायत राष्ट्रिय जीवनका सबै क्षेत्रमा जनआकाङ्क्षा अनुरूप विकास, निर्माण र सुधारका अभियान तीव्रताका साथ सञ्चालन गर्ने; आधुनिक र गुणस्तरीय भौतिक पूर्वाधारको निर्माण र स्तरोन्नति गर्ने; कृषिको आधुनिकीकरण, उद्योग व्यवसायको विकास र स्वदेशमै रोजगारी सिर्जनामा जोड दिने; शान्ति सुव्यवस्था, कानुनको शासन र सुशासनको प्रवर्द्धन गर्दै सार्वजनिक सेवाप्रवाहमा सुधार गर्ने; भ्रष्टाचार हुन नदिने र भ्रष्टाचारजन्य क्रियाकलापमा संलग्नलाई कारबाहीको दायरामा ल्याउनेलगायतका कार्यहरू प्रभावकारिताका साथ सम्पन्न गर्दै आएको छ ।

(ग) सरकारले देशको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता र स्वतन्त्रताको रक्षा र अभ्यास गर्दै समानता, राष्ट्रिय हित, सम्मान र स्वाभिमानको प्रवर्द्धन गर्दै छिमेकीलगायत सबै मित्रराष्ट्र र विकास साझेदारहरूसँगको सम्बन्धलाई सुदृढ तुल्याउँदै आएको छ। सरकारले राष्ट्रियताको सुदृढीकरण, विकास, सुशासन र समृद्धिका लागि राष्ट्रिय सामर्थ्यलाई एकताबद्ध गरी परिचालन गर्न स्पष्ट दृष्टिकोण, लक्ष्य, रणनीति, कार्यान्वयनको कार्ययोजनासहित निरन्तर अविचलित रूपमा कार्य गर्दै आएको छ। सरकारले छोटो समयमा हासिल गरेका उपलब्धिले आमजनतामा उत्साह सिर्जना भएको छ। विकास सम्भव छ र गर्न सकिन्छ भन्ने विश्वास जनतामा बढ्दै गएको छ।

३. <u>सरकार गठनको परिवेश र विकसित गतिविधि</u>

(क) वि.सं. २०७४ को आमनिर्वाचनको समयमा तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (एमाले) र तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) बीच साझा घोषणापत्र तथा फरक फरक चुनाव चिह्नसहित

Scanned with CamScanner

जनताको आकाङ्क्षा सम्बोधन हुने गरी मुलुकका तमाम समस्या समाधानको लागि प्रतिबद्धता व्यक्त गरिएको हो । सो प्रतिबद्धता पूरा गर्नका लागि मलाई भावी प्रधानमन्त्रीको रूपमा प्रस्तुत गरी २०७४ साल असोज १७ गते तत्कालीन नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) बीच वाम गठबन्धन बनाएर निर्वाचन लड्ने र निर्वाचन लगत्तै पार्टी एकता गर्ने उद्घोष गरिएको थियो । यो निर्णय आमनिर्वाचनमार्फत आमजनताद्वारा स्पष्ट रूपमा अनुमोदन भएको र सोहीबमोजिम निर्वाचन परिणाम आई सकेपछि नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) सहितका दलको समर्थनमा संविधानको धारा ७६ बमोजिम नेपाल कम्युनिष्ट पार्टी (एमाले) को संसदीय दलको नेताको रूपमा म प्रधानमन्त्री नियुक्त भई जिम्मेवारी सम्हाल्दै आएको हुँ । प्रतिनिधिसभामा नेपाल कम्युनिष्ट पार्टी (एमाले) को पहिलो हुने निर्वाचित हुनेतर्फ ८० र समानुपातिक प्रतिनिधित्वतर्फ ४१ गरी १२१ तथा तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) को पहिलो हुने निर्वाचित हुनेतर्फ ३६, समानुपातिकतर्फ १७ गरी ५३ सहित तत्कालीन दुवै दलबाट १७४ प्रतिनिधिसभा सदस्य रहेकोले प्रतिनिधिसभाको कुल सदस्य सङ्ख्या २७५ को झण्डै दुई तिहाई सदस्यको समर्थन मलाई प्राप्त भएको हो । तत्पश्चात उल्लिखित दुवै पार्टीलाई एकीकरण गरी २०७५ जेठ ३ गते नेपाल कम्युनिष्ट पार्टी (नेकपा) गठन भई २०७५ जेठ ५ गते म संयुक्त संसदीय दलको नेता सर्वसम्मत रूपमा चयन भएको हुँदा सोको जानकारी संसद सचिवालयमार्फत गराइएको हो । तत्पश्चात संसदीय दलको नेताका सम्बन्धमा प्रतिनिधि सभाको विघटनको सिफारिस गर्ने समयसम्म कुनै विवाद उठेको छैन ।

(ख) सरकार गठन भई सञ्चालनको पहिलो वर्ष पूरा हुन नपाउँदै सरकारलाई असहयोगको अवस्था पार्टीभित्रै प्रकट हुन थाल्यो । विशेष गरी सरकारलाई असहयोग गर्ने, विदेशी भूमिमा गई यो यति समयको लागि सरकार सञ्चालन गर्ने सम्झौता भएको भन्नेजस्ता अत्यन्त गैरराजनीतिक अभिव्यक्तिसमेत सार्वजनिक हुन थाले । सरकारले स्पष्ट मार्गनिर्देशनसहित काम कारबाही गरिरहेको अवस्थामा हाम्रो पार्टीका केही नेताहरूद्वारा निरन्तर रूपमा अस्थिरता निम्त्याउने प्रयास भइरहे । जनादेश र जनभावना विपरीत राष्ट्रिय राजनीतिलाई अन्त्यहीन एवं अर्थहीन विवादमा अल्झाएर गतिरोध सिर्जना गरिएपछि, संसद्लाई अर्थहीन तुल्याइएपछि र जननिर्वाचित सरकारलाई असहयोग, विरोध र अलोकतान्त्रिक हस्तक्षेप गरी सरकारको कार्यसम्पादनमा निरन्तर अवरोध सिर्जना गरिएका कारण सरकारको बाँकी अवधि निष्प्रभावी भई खेर जाने देखिएपछि मुलुकको कार्यकारी अधिकारप्राप्त प्रधानमन्त्रीको हैसियतले मेरा सामु नयाँ जनादेशका लागि सार्वभौम जनतासमक्ष जानुको विकल्प रहेन।

(ग) यस अवधिमा राष्ट्रिय राजनीतिलाई जनअपेक्षा अनुरूप अगाडि बढ्न नदिने गरी असंगतिपूर्ण गतिविधि सुरु भए। जनादेशविपरीत अन्त्यहीन सौदाबाजी गर्ने र दबाबमा राष्ट्रिय राजनीतिलाई अल्झाउने काम भइरहे । विभिन्न बाधाहरू पछ्याउँदै सरकारले जनअपेक्षाअनुरूप काम गर्न सुरु गरिरहेको अवस्थामा सरकारको कार्यकालका सम्बन्धमा मुलुकबाहिर गएर राष्ट्रिय स्वाधीनता र सम्मानमा आँच पुग्ने गरी अस्थिरताको सन्देश छर्ने, म मुलुकमा नभएको समयमा सरकारको कार्यकालका सम्बन्धमा वक्तव्य दिने, देश डुब्न लाग्यो भन्दै बचाउन माझी गुहार्नेजस्ता गतिविधि हुन थाले । तथापि संविधानको कार्यान्वयनका लागि नयाँ कानून निर्माण, संघीयताको कार्यान्वयन र मुलुकको सामाजिक-आर्थिक रूपान्तरणमा केन्द्रित भइरहेको अवस्थामा पार्टीका कतिपय नेताहरूका आँखा निरन्तर पद, प्रतिष्ठा र सत्ता प्राप्तिमा मात्रै केन्द्रित भए । आफ्नो काँधमा आएको ऐतिहासिक अभिभारा पूरा गर्ने गरी नीति निर्माण, राज्यसञ्चालन र जनपरिचालनमा केन्द्रित हुनुपर्ने नेकपालाई केही नेताहरूले आफ्ना असन्तुष्टि, कुण्ठा र आत्मकेन्द्रित सोचहरूको बन्धक बनाउने प्रयास गरे । सरकारलाई निष्प्रभावी तुल्याउने प्रयासलाई चिर्न सार्वभौमसत्ता सम्पन्न जनतासमक्ष जानु नै उत्तम विकल्प मानी प्रतिनिधि सभा विघटनको सिफारिस गरिएको हो ।

(घ) निर्वाचनको समयमा गरिएको घोषणापत्रको मर्म बमोजिम समृद्ध नेपाल, सुखी नेपालीको अभियानलाई हाँक्न सक्ने गरी योग्यता-क्षमताका आधारमा मन्त्रिपरिषद् पुनर्गठन गर्न खोज्दा आफ्नो र पराइका किस्ताकाट गरेर सो विषयलाई टुंगोमा पुग्न दिइएन । महत्वपूर्ण संवैधानिक अङ्गहरूमा रिक्तता सिर्जना

Scanned with CamScanner

हुन थाल्यो । संवैधानिक अङ्गका रिक्त पद पूर्ति गर्नु पर्ने सम्बन्धमा सम्मानीत अदालतमा समेत विभिन्न निवेदनहरू परिरहेको अवस्थामा संवैधानिक दायित्व पूरा गर्न खोज्दा पार्टीभित्रैबाट पटक पटक अवरोध सिर्जना गरियो । सरकारले प्रस्तुत गरेका कतिपय प्रस्तावमाथि संसद्ले निकास दिन सकेन । यस्तो अवस्थामा स्वार्थपरक सौदाबाजीमा जानुभन्दा सार्वभौम जनतामा जानु नै लोकतान्त्रिक मूल्य अनुरूप हुने ठानी ताजा जनादेशका लागि मैले अग्रसरता लिएको हुँ ।

(ङ) प्रधानमन्त्रीको हैसियतले मैले राज्यप्रणालीमा नेतृत्व हस्तान्तरणको एउटा वैधानिक प्रणाली बसाल्ने प्रयास गरेको हुँ । तर यस क्रममा मेरो राजनीतिक चरित्र हत्या गर्ने गरी अत्यन्त लाज्छित र अपमानित गर्दै पार्टी विधान र पद्दति विपरीत आरोपपत्र पेस गर्नेजस्ता कार्य हुन पुगे । यस बीचमा सरकारले राष्ट्रियतालाई सुदृढ गर्ने सन्दर्भमा ऐतिहासिक कामहरू गरेको, नेपालको वास्तविक भूभाग समेटेको नयाँ नक्सा प्रकाशन गरिएको, तदनुरूप सर्वसम्मतिका आधारमा संविधान संशोधन गरिएको, समस्या समाधानका लागि मित्रराष्ट्र भारतसँग वार्ताको तयारी भइरहेको, चीनसँग पारवहन यातायात प्रोटोकलमा हस्ताक्षर भएकोजस्ता महत्त्वपूर्ण कामलाई कहिल्यै पनि सकारात्मक रूपमा नलिइएको र उल्टै जनतामा भ्रम सिर्जना गरी ओझेलमा पार्ने प्रयास भए । प्रायोजित रूपमा अनर्गल प्रचारको श्रृङ्खलालाई निरन्तरता दिइयो । यसरी तमाम परिदृश्यका बीचमा सरकारले अत्यन्त महत्त्वका साथ कार्य गरिरहेको र जनताबाट यी सबै विषयमा गहिरो रुचि र चासो व्यक्त भइरहेको परिप्रेक्ष्यमा जवाफदेही प्रणालीको विकास गर्न तथा पद र परिवारउन्मुख राजनीतिलाई निस्तेज गरी असली रूपमा मुलुकको समृद्धिको लागि आवश्यक कार्य हुन अहिलेको मूलभूत आवश्यकता रहेको ठानी २०७८ साल वैशाख १७ गते र वैशाख २७ गते अर्को प्रतिनिधि सभाको निर्वाचन गर्ने गरी मौजुदा प्रतिनिधि सभा विघटनको लागि मिति २०७७ पुस ५ गते बिहान ९:४५ मा बसेको नेपाल सरकार, मन्त्रिपरिषद्को बैठकबाट भएको निर्णयसमेतका आधारमा प्रधानमन्त्रीबाट प्रतिनिधि सभा विघटनका लागि सिफारिस गरिएको हो । सोही सिफारिसबमोजिम सम्माननीय राष्ट्रपतिबाट प्रतिनिधिसभा विघटन गरी संविधानको धारा ७६ को उपधारा (७) बमोजिम ६ महिनाभित्र निर्वाचन गराउने गरी निर्वाचनको मिति तोकिएको हो । यससम्बन्धी सूचना राष्ट्रपति कार्यालयबाट दिनको १४:२१ बजे सार्वजनिक भएको हो । उक्त तथ्य रिट निवेदकहरूले समेत स्वीकार गरेको अवस्था छ । प्रतिनिधि सभा विघटनका लागि गरिएको सिफारिसमा नयाँ निर्वाचनका लागि जानुपर्ने आधार र कारणहरू खुलाइएको छ । नेपाली भूमिको रक्षा गर्न, राष्ट्रिय स्वाभिमानको प्रवर्द्धन गर्न, छिमेकीलगायत सबै मित्रराष्ट्र र विकास साझेदारहरूबाट समेत स्रोत परिचालन गरी विकास निर्माणलाई तीव्रता दिन र सम्पूर्ण नेपालीको हित र कल्याणका लागि अविचलित राष्ट्रिय अडानका साथ सरकार सञ्चालन गर्नका लागि दुई तिहाई बहुमतको सरकार आवश्यक भएको हुनाले नेपालको संविधान र संसदीय प्रणालीको आधारभूत मर्म एवं मूल्य मान्यता तथा हाम्रो आफ्नै र संसदीय प्रणाली भएका विभिन्न मुलुकहरूको अभ्यासबमोजिम सङ्घीय संसदको वर्तमान प्रतिनिधिसभा विघटन गरी ताजा जनादेशमा जान सिफारिस गरिएको हो । यससम्बन्धी निर्णय र सिफारिस सम्मानीत अदालतसमक्ष प्रस्तुत गरिने हुँदा सबै आधार कारण यहाँ पुनरावृति गरिएको छैन । ती विभिन्न कारणबाट राजनीतिक स्थिरता र स्थायित्व कायम गर्न अर्को प्रतिनिधि सभाको निर्वाचन सम्पन्न गर्नका लागि ताजा जनादेशमा जान उपयुक्त देखिएकोले प्रतिनिधि सभा विघटनको सिफारिस गरिएको हो । विगतमा देखिएको संसदको विकृत अभ्यासलाई नयाँ संवैधानिक अभ्यासमा पुनरावृत्ति हुन नदिनका लागि पनि राजनीतिक रूपमा यो निर्णय गरी जनतासमक्ष जानु परेको हो ।

उल्लिखित पृष्ठभूमि पश्चात म रिट निवेदनमा उल्लेख भएका विषयहरूलाई देहायबमोजिम जवाफ प्रस्तुत गर्दछु ।

Scanned with CamScanner

४. जनादेश सबैभन्दा ठूलो हक हो ।

नेपालको वर्तमान संविधानले मुलुकको सार्वभौमसत्ता नेपाली जनतामा निहित रहेको प्रत्याभूत गरेको छ। संवैधानिक सरकारलाई अवैधानिक बाटोबाट स्वार्थपरकरूपमा परिचालन गर्ने अलोकतान्त्रिक प्रयत्नलाई असफल बनाउनु मेरो संवैधानिक कर्तव्य हो । जनताको लामो सङ्घर्षबाट हामीले प्राप्त गरेको लोकतान्त्रिक पद्धतिलाई जगेर्ना गर्नका लागि ताजा जनादेश लिन गरिएको प्रतिनिधिसभा विघटनबाट निवेदकको हक हनन् भयो भन्न मिल्ने हुँदैन । लोकतन्त्रमा जनताको अभिमत प्राप्त गर्न जाने सर्वमान्य लोकतान्त्रिक पद्दतिको विरुद्धमा उभिने हक कसैसँग हुँदैन । कुनै पनि लोकतान्त्रिक शासन व्यवस्थामा निर्वाचनका लागि जनतासमक्ष जाने विषय सहज, स्वाभाविक र जायज हुन्छ भन्ने विषयमा कसैको पनि विमति हुन सक्दैन । लोकतन्त्रको पर्यायको रूपमा रहेको निर्वाचनमा जाने विषयलाई चुनौती दिई दायर भएको यो रिट निवेदन प्रारम्भिक रूपमा नै स्वार्थपरक छ, त्यसैले यो रिट निवेदन खारेजभागी छ ।

५. जनता नै अन्तिम निर्णयकर्ता हुन्

संविधानको प्रस्तावनामा हामी सार्वभौमसत्तासम्पन्न नेपाली जनता ... यो संविधान जारी गर्दछौं भनी उल्लेख भएको छ । यो अभिव्यक्तिले राज्यशक्तिका स्रोत जनता हुन् भन्ने उदघोष गरेको छ । संविधानको धारा २ ले "नेपालको सार्वभौमसत्ता र राजकीयसत्ता नेपाली जनतामा निहित रहेको छ" भन्ने व्यवस्था गरेको छ । राज्य सञ्चालनको अन्तिम निर्णयकर्ता सार्वभौम जनता नै हुन् । जनतामा अन्तर्निहीत सार्वभौमसत्ता, राजकीयसत्ता र निर्णय निर्वाचनमार्फत व्यक्त हुन्छ । जनताको अभिमत व्यक्त हुने निर्वाचनले लोकतन्त्रलाई थप सुदृढ र परिपक्व बनाउँछ । हाम्रो लोकतान्त्रिक प्रणाली नयाँ छ, तर कमजोर छैन । मुलुक जनप्रतिनिधिविहीन अवस्थामा छैन। राष्ट्रिय सभा क्रियाशील छ । प्रदेश सरकार र प्रदेश सभा एवं स्थानीय सरकारहरू मुलुकको संविधान र कानुनअनुरूप आफ्नो तहमा राजनीतिक नेतृत्व प्रदान गरिरहेका छन् । संवैधानिक निकायहरू र राज्यका निजामती एवं सुरक्षा अङ्गहरू सबै आफ्नो कर्तव्य निर्वाहमा दृढ छन् । आगामी वैशाख १७ र २७ गते हुने प्रतिनिधि सभाको निर्वाचनबाट प्रतिनिधि सभा गठन हुने नै छ । २१ औं शताब्दीको नेतृत्व गर्न तयार भएर बसेको हाम्रो युवा पुस्ता लोकतन्त्रप्रति प्रतिबद्ध छ । यो पुस्ता नै लोकतन्त्रको सबैभन्दा ठूलो पहरेदार हो । त्यसैले निर्वाचनमा जाँदा संविधान अप्ठ्यारोमा पर्छ, लोकतान्त्रिक गणतन्त्र सङ्कटमा पर्छ र मुलुक अस्थिरतातर्फ धकेलिन्छ भन्ने दाबी निराधार र फजुल छन् । राजनीतिक स्थिरताको प्रत्याभूति गर्ने निर्णायक तत्व जनताको अभिमत नै हो ।

६. यो राजनीतिक प्रश्न हो

प्रतिनिधि सभाको विघटन गरी निर्वाचनमा जाने विषय नितान्त राजनीतिक विषय हो । यस्ता राजनीतिक प्रश्नमा अदालत प्रवेश नगर्ने संवैधानिक अभ्यास रहेको छ । संसद विघटनका विषयमा यसपूर्व अदालतमा पेश भएका विवादमा अदालतले आत्मसंयमता अपनाई विवादको किनारा गर्ने गरेको हाम्रो न्यायिक अभ्यास रहेको छ । तत्कालीन नेपाल अधिराज्यको संविधान, २०४७ ले अंगिकार गरेको संसदीय शासन व्यवस्थाको अभ्यासका क्रममा पटक पटक प्रतिनिधि सभा विघटन भएको र सोसम्बन्धी विवादहरू अदालतसम्म पुगी टुङ्गो लागेका उदाहरण रहेकाछन् । प्रतिनिधि सभा विघटनसम्बन्धी पहिलो रिट (०५१ सालको रिट नं. २३०४) मा सम्मानीत सर्वोच्च अदालतले भनेको छ: प्रधानमन्त्रीले राजनैतिक कारण देखाई प्रतिनिधिसभा विघटनको सिफारिस गर्नुभएको देखिन आएकोले सो राजनैतिक कारणको औचित्य वा पर्याप्तताको क्षेत्रभित्र अदालतले प्रवेश गरी शक्तिपृथकीकरणको सिद्धान्त बमोजिम मूल्याङ्कन गर्न मिल्ने देखिन्न। सबैभन्दा पछिल्लो पटक चित्र बहादुर केसी विरुद्ध प्रधानमन्त्री शेर बहादुर देउवासमेत भएको रिट (२०५९ को रिट नं. ३५४२) मा सम्मानीत सर्वोच्च अदालतले भनेको छ : प्रतिनिधिसभा विघटन गरी नयाँ निर्वाचनद्वारा जनादेश प्राप्त गर्न जाने हो त्यसको औचित्य जाँच्ने सार्वभौम जनता नै हुन् । प्रधानमन्त्रीद्वारा प्रतिनिधिसभा विघटनको सिफारिसमा विभिन्न कारण देखाइएको छ । सो कारणबारे अदालतले न्याय निरुपण गर्ने कुरा आउँदैन । तसर्थ राजनीतिक प्रश्नको सिद्धान्तका आधारमा पनि यो रिट प्रारम्भिक रूपमा नै खारेजभागी छ ।

Scanned with CamScanner

७. निवेदक सफा हातले आएको देखिँदैन

कुनै पनि विषयमा रिट दायर गर्दा निवेदक सफा हात लिएर आउनु पर्दछ भन्ने रिटको मान्य सिद्धान्तलाई उल्लेख गर्न चाहन्छु । प्रतिनिधिसभा विघटनका लागि प्रधानमन्त्रीले सिफारिस गरेको समाचार सार्वजनिक भैसकेपछि मैले नेतृत्व गरेको दल नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का कथित १० जना सदस्यहरुले प्रधानमन्त्रीका विरुद्ध २०७७।९।५ गते विहान १०: ३० बजे तथाकथित अविश्वासको प्रस्ताव दर्ता गरेको भनी रिट निवेदनमा उल्लेख गर्नुभएको छ । यो सरासर झुठो विवरण हो । स्वयं संसद सचिवालयबाट जारी भएको प्रेस विज्ञप्ति र संसद सचिवालयमा पेश भएको अभिलेखबाट सो तथाकथित प्रस्ताव सो दिन ३:३० बजे दर्ता भएको स्पष्ट देखिएको छ । यसरी तथ्य नै ढाँटी झुठो विवरण उल्लेख गरी दायर भएको रिट निवेदन सफा हातको सिद्धान्तका आधारमा खारेजभागी छ । प्रस्ताव दर्ता हुनु अगावै प्रतिनिधिसभा विघटन भइसकेको हुँदा सो प्रस्तावको कुनै प्रयोजन देखिँदैन र त्यसलाई अविश्वासको प्रस्ताव भन्न मिल्दैन ।

८. संसदीय शासन व्यवस्थामा प्रतिनिधि सभा विघटन प्रधानमन्त्रीको अन्तरनिहीत अधिकार हो

(क) प्रधानमन्त्रीको सिफारिसमा प्रतिनिधिसभा विघटन हुने विषय संसदीय शासन व्यवस्थाको अन्तरनिहित मूल्य (value) हो । राजनीतिक परिवेशको मूल्याङ्कनका आधारमा प्रधानमन्त्रीले लिने निर्णय राजनीतिक रुपमा नै आमजनताले मूल्याङ्कन गर्ने विषय हो । यो विषय न्याय निरुपणयोग्य मापदण्डभित्र नपर्ने हुँदा प्रस्तुत रिट खारेजभागी छ ।

(ख) नेपालको संविधानको धारा ७५ को उपधारा (१) ले नेपालको कार्यकारिणी अधिकार यो संविधान र कानूनबमोजिम मन्त्रिपरिषदमा निहित हुनेछ भन्ने व्यवस्था गरेको छ । उपधारा (२) मा यो संविधान र कानूनको अधीनमा रही नेपालको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने अभिभारा मन्त्रिपरिषदमा हुनेछ भन्ने व्यवस्था छ । उपधारा (३) ले नेपालको संघीय कार्यकारिणीसम्बन्धी सम्पूर्ण काम नेपाल सरकारको नाममा हुने व्यवस्था गरेको छ । सोही संवैधानिक व्यवस्थाबमोजिमको कार्यकारिणी अधिकार प्रयोग गरी गरिएको विघटनको सिफारिसलाई अन्यथा भन्न मिल्दैन ।

(ग) रिट निवेदकले प्रतिनिधिसभाको विघटनका बारेमा प्रधानमन्त्रीलाई अधिकार नै नभएको भनी उल्लेख गर्नुभएको रहेछ । त्यसको स्रोतको रुपमा नेपालको संविधानको धारा ७६ को उपधारा (७) को अवस्थाको विद्यमानता नभएको र धारा ८५ ले विघटनको अधिकार प्रधानमन्त्रीमा नरहेको भनी उल्लेख गरिएको रहेछ । संविधानको बारेमा विश्लेषण गर्दा समुच्चा संवैधानिक व्यवस्थाको आधारमा गर्नु पर्दछ । संविधानमा भएका समग्र व्यवस्थाको सन्दर्भलाई समावेश गरी संविधानको व्याख्या गर्नुपर्दछ । निवेदकले उल्लेख गरेजस्तो संसदीय व्यवस्था परम्परागत र आधुनिक भन्ने हुँदैन । यो एउटा संवैधानिक रुपमा शासन सञ्चालन गर्ने स्वीकृत शासकीय स्वरुप हो, जसलाई नेपालको संविधानको धारा ७४ मा स्पष्ट रुपमा उल्लेख गरिएको छः नेपालको शासकीय स्वरुप बहुलवादमा आधारित बहुदलीय प्रतिस्पर्धात्मक संघीय लोकतान्त्रिक गणतन्त्रतात्मक संसदीय शासन प्रणाली हुनेछ। संविधानको धारा ८५ ले अगावै विघटन भएकोमा बाहेक प्रतिनिधिसभाको कार्यकाल पाँच वर्षको हुनेछ भन्ने व्यवस्था गरेको छ । यो प्रावधानले प्रतिनिधिसभा विघटन हुनसक्ने व्यवस्था गरेको स्पष्ट छ । त्यसैले निवेदकले भनेजस्तो पाँच वर्षसम्म प्रतिनिधित्व गर्न पाउने हक निरपेक्ष होइन । संविधानबमोजिम प्रतिनिधि सभा विघटन भएपछि सो विषय हकको रुपमा रहन सक्ने अवस्था नै हुँदैन। जसरी संविधानको धारा १०० को उपधारा (४) मा अविश्वासको प्रस्तावका लागि प्रधानमन्त्री नियुक्त भएको पहिलो दुई वर्षसम्म र अविश्वासको प्रस्ताव असफल भएको एक वर्षभित्र पुनः अविश्वासको प्रस्ताव पेश गर्न सकिने छैन भन्ने शर्तसहितको व्यवस्था गरिएको छ त्यस्तो निषेधात्मक व्यवस्था प्रतिनिधि सभा विघटनको सन्दर्भमा गरिएको छैन। संविधानको कुनै पनि व्यवस्थाले प्रधानमन्त्रीको संसद विघटन गर्ने कार्यकारी अधिकारलाई अङ्कुश लगाएको छैन । संसदीय शासन प्रणाली अवलम्बन गरेका अन्य मुलुकले गरेको स्थापित अभ्यास एवं हाम्रै न्यायालयले विगतमा गरेका

Scanned with CamScanner

व्याख्यासमेतलाई विचार गरी प्रतिनिधि सभा विघटनका लागि सिफारिस गरिएवमोजिम सम्माननीय राष्ट्रपतिबाट प्रतिनिधि सभा विघटन गरी प्रतिनिधि सभाको निर्वाचन सम्पन्न गर्ने गरी निर्वाचनको घोषणा भएको हो ।

(घ) नेपालको संविधानको धारा ५६ को उपधारा (६) मा बहुदलीय प्रतिस्पर्धात्मक लोकतान्त्रिक गणतन्त्रात्मक संघीय शासन प्रणाली, मानव अधिकार तथा मौलिक हक, कानूनी राज्य, शक्ति पृथकीकरण र नियन्त्रण तथा सन्तुलनको सिद्धान्तलाई आत्मसात गरिएको छ । संसदीय शासन प्रणालीमा शक्ति पृथकीकरण तथा नियन्त्रण र सन्तुलन कायम गराउनका लागि प्रधानमन्त्रीलाई संसद विघटन गर्न सिफारिस गर्ने अधिकार रहन्छ । यो अधिकारबेगर नियन्त्रण र सन्तुलन कायम हुन सक्दैन । राज्य शक्तिको नियन्त्रण र सन्तुलनको यो अवधारणा संविधानवादको अपरिहार्य मूल्य पनि हो । कुनै पनि प्रधानमन्त्रीलाई संसद विघटन गर्ने रहर हुँदैन । प्रधानमन्त्री संसदको पनि नेता हो । विघटनको अधिकार कहिल्यै पनि रहरले प्रयोग गरिदैन, आवश्यकताले गरिन्छ । यो राजनीतिक वाध्यता र अनिवार्यताको उपजको रूपमा रहेको हुन्छ । संसदीय प्रणाली भएको मुलुकका प्रचलन एवं प्रावधानहरूसमेत हेर्दा प्रधानमन्त्रीको सिफारिसमा राष्ट्रप्रमुखले प्रतिनिधिसभा विघटनको सिफारिस गर्ने विशेषाधिकारको व्यवस्था गरेको छ भन्ने मान्यतालाई हाम्रो न्यायिक व्याख्यामासमेत स्वीकार गरिएको छ ।

(ङ) जहाँसम्म सम्माननीय राष्ट्रपतिबाट हुने कार्य सम्बन्धी विषय छ सो सम्बन्धमा संविधानको धारा ६६ को उपधारा (२) को यो संविधान वा संघीय कानूनबमोजिम कुनै निकाय वा पदाधिकारीको सिफारिसमा गरिने भनी किटानी साथ व्यवस्था गरिएको कार्य बाहेक राष्ट्रपतिबाट सम्पादन गरिने अन्य जुनसुकै कार्य मन्त्रिपरिषद्को सिफारिस र सम्मतिबाट हुनेछ । त्यस्तो सिफारिस र सम्मति प्रधानमन्त्रीमार्फत पेश हुनेछ भन्ने संवैधानिक व्यवस्थाबमोजिम सम्माननीय राष्ट्रपतिबाट नेपाल सरकार, मन्त्रिपरिषद्को निर्णय समेतका आधारमा प्रधानमन्त्रीबाट पेश भएको सिफारिस बमोजिम नै प्रतिनिधि सभा विघटन भएको हो।

९. वैकल्पिक सरकारको कुनै सम्भावना थिएन

नेपालको संविधानको धारा ७६ को व्यवस्था सरकारको गठनलाई मार्गदर्शन गर्ने व्यवस्था हो । सोही व्यवस्थाबमोजिम म प्रधानमन्त्री नियुक्त भएको हुँ । एउटा दलको बहुमत नभएको अवस्थामा मात्र सरकार गठनका लागि सो धाराका अरू उपधाराहरू क्रियाशील हुने हुन् । धारा ७६ को उपधारा (७) ले वैकल्पिक सरकार गठन हुन नसक्ने अवस्थामा प्रतिनिधि सभा विघटन हुनसक्ने अवस्था परिकल्पना गरेको हो । प्रतिनिधि सभा विघटनको सिफारिस गर्दाका अवस्थासम्म संविधानको धारा ७६ को उपधारा (१) कै व्यवस्थाबमोजिम मेरो नेतृत्वमा सरकार सञ्चालन भइरहेको हो । मैले नेतृत्व गरेको राजनीतिक दलको संसदमा बहुमत कायम रहेको र सो दलको संसदीय दलको नेता म रहिरहेको अवस्थामा अरू कुनै आधारमा वैकल्पिक सरकार गठन हुने परिकल्पना संविधानले गरेको छैन र धरातलीय यथार्थता पनि त्यस्तो रहेको छैन। प्रतिनिधिसभाका कुल सदस्य २७५ मध्ये १७४ सदस्य नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का रहेको अवस्थामा अर्को सरकार बन्न सक्ने अवस्था तथ्यले पनि देखाउँदैन । यस्तो अवस्थामा राजनीतिक अस्थिरता र अन्यौलता हटाउन र राजनीतिक गतिरोधलाई पार लगाउनका लागि बाध्यात्मक रूपमा राज्यशक्तिका स्रोत जनतामाझ ताजा जनादेशका लागि जानुपरेको राजनीतिक अवस्था उत्पन्न भएको म यहाँ उल्लेख गर्न चाहन्छु। माथि उल्लेख गरेबमोजिम एकातिर वैकल्पिक सरकारको सम्भावनासम्म नभएको र अर्कोतर्फ सरकार सञ्चालनको वैधानिक अधिकारलाई गैरसंवैधानिक तवरले निरन्तर अवरोध भई सरकारलाई काम गर्न नदिएको अवस्थामा प्रतिनिधिसभा विघटन गर्नुपर्ने बाध्यात्मक राजनीतिक परिस्थिति आइपरेको हो।

१०. संविधानले संसदीय दललाई समष्टिमा मात्र चिन्दछ

नेपालको संविधानको धारा २६९ ले राजनैतिक दल गठन, दर्ता र सञ्चालन सम्बन्धमा व्यवस्था गरेको छ। संविधानको धारा २७१ ले निर्वाचनमा भाग लिन चाहने राजनैतिक दलले संघीय कानूनबमोजिम निर्वाचन

Scanned with CamScanner

आयोगमा दर्ता गर्नुपर्ने र धारा २७२ मा यस्तो दलको गठन, दर्ता, सञ्चालन तथा अन्य व्यवस्था संघीय कानूनबमोजिम हुने व्यवस्था गरेको छ । यसरी निर्वाचन प्रयोजनको लागि दर्ता भएका दलहरूको प्रतिस्पर्धाबाट नै प्रतिनिधिसभामा बहुमत प्राप्त गर्ने दलको संसदीय दलको नेता वा बहुमत प्राप्त नभएमा दुई वा दुई भन्दा बढि दलको समर्थन प्राप्त गर्ने व्यक्तिलाई नै प्रधानमन्त्रीमा नियुक्त गर्ने व्यवस्था छ । यदि यस्तो अवस्था नभएमा संसदमा भएको सबैभन्दा ठुलो दलको संसदीय दलको नेतालाई नै प्रधानमन्त्री बनाउने व्यवस्था संविधानको धारा ७६ मा गरिएको छ । संघीय कानूनको रूपमा रहेको राजनैतिक दल सम्बन्धी ऐन, २०७३ को दफा २५ ले कुनै राजनैतिक दलबाट निर्वाचित सदस्यलाई स्वत: त्यस संसदीय दलको सदस्य हुने व्यवस्था गरेको छ । यस संवैधानिक तथा कानूनी प्रबन्धबाट संविधानले संसदीय दललाई समष्टिगत रूपमा मात्र चिन्दछ । यसभित्र गएर कुन सदस्यले आफ्नो संसदीय दलको नेता तथा प्रधानमन्त्रीलाई विश्वास गरेको थियो वा थिएन भनी अदालतले न्याय निरूपण गर्न सक्दैन । वि.सं. २०५१ सालमा तत्कालीन प्रधानमन्त्रीले गरेको प्रतिनिधिसभा विघटनको मुद्दामा सम्मानित सर्वोच्च अदालतले "...संविधानले दलीय आधारमा सदस्यहरूको समर्थन स्वत: प्राप्त हुने कुरा अनुमान गरी त्यस आधारमा दल वा दलका नेतालाई मान्यता दिएको देखिन आउँछ" भनी सिद्धान्त प्रतिपादन भएको अवस्थामा संसदीय दलको समष्टिको सिद्धान्त विपरीत दलीय अनुशासन संसदीय दलको नेताले उल्लङ्घन गरेको व्यहोरा उल्लेख गरी दायर भएको रिट तर्कसङ्गत नदेखिँदा खारेज गरि पाऊँ ।

११. विघटन गर्न संविधानले अधिकार दिएको छ

(क) नेपालको संविधानको प्रस्तावनाले जनताको प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन प्रणाली, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार, बालिग मताधिकार, आवधिक निर्वाचन, पूर्ण प्रेस स्वतन्त्रता तथा स्वतन्त्र, निष्पक्ष र सक्षम, न्यायपालिका र कानूनी राज्यको अवधारणालगायतका लोकतान्त्रिक मूल्य मान्यता आत्मसात गरेको छ । संविधानको धारा २ मा नेपालको सार्वभौमसत्ता र राजकीयसत्ता नेपाली जनतामा निहीत हुने व्यवस्था गरेको छ । धारा ७४ मा संसदीय शासन प्रणाली अवलम्बन गरी सो प्रणालीका विशेषतालाई स्वीकार गरिएको छ । कुनै पनि राजनितिक प्रणालीका आफ्नै विशेषता तथा गुणहरु हुन्छन् । त्यसैगरी संसदीय व्यवस्थाका पनी केही विशिष्ट गुणहरु छन्। यस प्रणालीमा कार्यकारिणी अधिकार प्रधानमन्त्रीमा रहन्छ । प्रधानमन्त्रीले संसद विघटन गर्न पाउने अधिकार संसदीय प्रणालीको आधारभूत विशेषताभित्र पर्दछ । सो विशेषता बेगर धारा ७४ क्रियाशील हुन सक्दैन । त्यसैगरी धारा ८५ ले प्रतिनिधिसभाको कार्यकाल अगावै विघटन हुन सक्ने अवस्थालाई स्वीकार गरेको छ। धारा ९१ को उपधारा (६) को खण्ड (क) मा उल्लिखित प्रतिबन्धात्मक वाक्यांशले पनि प्रतिनिधिसभा विघटन हुने कुराको परिकल्पना गरेको छ । यस सम्बन्धमा कुनै पूर्वशर्त राखिएको छैन ।

(ख) संविधानको धारा २१५ को उपधारा (६), धारा २१६ को उपधारा (६) र धारा २२५ लाई धारा ८५ सँग तुलना गरेर हेर्दा प्रतिनिधिसभा विघटन गर्न सकिने स्पष्ट छ । प्रधानमन्त्रीले प्रतिनिधिसभा विघटनका लागि सिफारिस गर्न नपाउने भनी संविधानले कँही कतै व्यक्त वा अव्यक्तरूपमा रोकेको अवस्था छैन । संविधानको धारा ७५ ले प्रदान गरेको कार्यकारिणी अधिकारअन्तर्गत यस विषयमा कुनै सीमा निर्धारण गरिएको छैन । अर्को तर्फ संविधानको धारा ५८ र धारा ३०६ को उपधारा (१) को खण्ड (ज) ले गरेको व्यवस्थाअनुसार अवशिष्ट अधिकारको प्रयोग गर्ने अख्तियारी पनि संघमा रहेको र त्यस्तो अधिकारको प्रयोग नेपाल सरकारबाट हुने हुँदा संविधानले अधिकार नदिएको काम गरेको भन्ने निवेदन दावी सही छैन ।

(ग) संविधान गतिशील दस्तावेज हो । यसको दीर्घ जीवनका लागि यसले बोकेका मूल्यका आधारमा अभ्यास गर्दै जानुपर्ने हुन्छ । संवैधानिक व्यवस्थाको प्राविधिक अर्थ मात्र लगाइनु हुँदैन । स्वार्थपरक तबरले गरिने संकिर्ण व्याख्याले संवैधानिक अभ्यासलाई मार्गदर्शन गर्न सक्दैन । शासन व्यवस्थामा नियन्त्रण र सन्तुलन कायम गर्न संसदीय व्यवस्थामा प्रधानमन्त्रीमा अन्तरनिहीत अधिकारको प्रयोग

Scanned with CamScanner

गरी नयाँ जनादेशका लागि जनतासमक्ष जाने निर्णय भइसकेको अवस्थामा यो विषय न्यायिक पुनरावलोकन गर्नुपर्ने अवस्थाको होइन।

(घ) संविधानको धारा ८९ को (ग) ले प्रतिनिधि सभाको कार्यकाल वा राष्ट्रिय सभाको पदावधि समाप्त भएमा संघीय संसदका सदस्यको स्थान रिक्त हुने व्यवस्था गरेको र धारा ८५ ले प्रतिनिधि सभाको कार्यकाल अगावै विघटन हुनसक्ने परिकल्पना गरेको अवस्थामा प्रतिनिधि सभाका सदस्यको कार्यकाल अगावै विघटन भएकोमा बाहेक ५ वर्ष हुने हो । राष्ट्रिय सभा एक स्थायी सदन हो । राष्ट्रिय सभाका सदस्यको जस्तो पदावधि प्रतिनिधि सभाका सदस्यको हुँदैन । जानी बुझिकन संविधानमा प्रतिनिधि सभाका लागि कार्यकाल र राष्ट्रिय सभाका लागि पदावधिसम्बन्धी भाषा प्रयुक्त भएको हो, जुन दुई सदनात्मक व्यवस्थापिका रहने संसदीय ढाँचाको स्थापित मान्यता हो ।

१२. अविश्वासको प्रस्तावको वैधानिक आधार छैन

रिट निवदकले मेरा विरुद्ध मिति २०७७।९।५ मा ९० जना प्रतिनिधि सभाका सदस्यले अविश्वासको प्रस्ताव दर्ता गरेकोले मैले प्रतिनिधि सभा विघटनको सिफारिस गर्न नमिल्ने भनी दाबी लिएको देखिन्छ । यो दावी तथ्यतः झुठो छ । मिति २०७७।९।५ गते बिहान ९:४५ मा बसेको नेपाल सरकार, मन्त्रिपरिषद्को वैठकबाट भएको निर्णय समेतका आधारमा प्रधानमन्त्रीले प्रतिनिधि सभा विघटन गरी आगामी २०७८ साल वैशाख १७ र वैशाख २७ गते प्रतिनिधि सभाको लागि निर्वाचनको मिति तोक्न सिफारिस गरेको र सोही सिफारिसबमोजिम सम्माननीय राष्ट्रपतिबाट प्रतिनिधि सभा विघटन भई २०७८ वैशाख १७ गते र वैशाख २७ गते निर्वाचन हुने गरी निर्णय भएको हो । यससम्बन्धी जानकारी सोही दिनको १४:२१ बजे राष्ट्रपतिको कार्यालयबाट प्रकाशित विज्ञप्तिमा उल्लेख छ । यसरी प्रतिनिधि सभा विघटन भएपछि कसैले मेरा विरुद्ध अविश्वासको प्रस्ताव दर्ता गरे भन्दैमा त्यसले वैधता पाउन सक्दैन । प्रतिनिधि सभा नै नरहेको अवस्थामा कुनै भिन्न प्रयोजनको लागि कुनै समय सङ्कलित गरेको हस्ताक्षरलाई आधार लिई अविश्वासको प्रस्ताव दर्ता गरियो भन्दैमा त्यस्तो दर्ताले वैधानिकता पाउन सक्दैन । रिट निवेदकले दाबी गरेको बिहान १०:३० बजे अविश्वास प्रस्ताव दर्ता गरेको भन्ने दाबी समेत झुट्टा र फरेबि छ । मिति २०७७।९।८ मा संघीय संसद सचिवालयबाट जारी विज्ञप्तिमा २०७७ पौष ५ गते अपरान्ह ३:३० मा दर्ता भएको भनी संघीय संसद सचिवालयका प्रवक्ताले सूचना प्रकाशन गरिसकेको परिप्रेक्षमा अविश्वासको प्रस्ताव छल्न खोजेको भनी रिट निवेदकले लिएको दाबी सरासर झुट्टो छ । तथ्य नै ढाँटी झुठा तथा फरेबी विवरण उल्लेख गरी अदालतलाई गुमराहमा पार्ने गरी दायर भएको रिट निवेदन खारेजभागी छ।

१३. छ महिनाभित्र अधिवेशन आह्वान भएको छ

रिट निवेदकले संविधानको धारा ९३ को उपधारा (१) बमोजिम संसदको एउटा अधिवेशन र अर्को अधिवेशनबीचको अवधि छ महिनाभन्दा बढी हुन नहुने संवैधानिक व्यवस्थाबमोजिम पौष १८ गतेभित्र संसदको अधिवेशन बोलाउनुपर्ने भनी उल्लेख गरेको पाइयो । यो सवैधानिक व्यवस्था बमोजिम नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७७ पुस १० गतेको सिफारिस बमोजिम सम्माननीय राष्ट्रपतिबाट राष्ट्रिय सभाको अधिवेशन २०७७ साल पौष १७ गते आह्वान भई चालु रहेको छ । विघटित प्रतिनिधिसभाको अधिवेशन बस्ने अवस्था नै हुँदैन । यो विषयमा सम्मानीत सर्वोच्च अदालतले चित्र बहादुर केसी विरुद्ध प्रधानमन्त्री शेर बहादुर देउवा भएको २०५९ सालको रिट नं ३५४२ मा छ महिनाभित्र संसदको अधिवेशन आह्वान गर्ने विषय जीवित संसदको हकमा लागू हुने भनी व्याख्या समेत भैसकेको हुँदा निवेदन दावी कायम हुने अवस्था छैन ।

१४. विघटनको सिफारिस दुराशयपूर्ण छैन

(क) रिट निवेदनमा प्रतिनिधिसभा विघटनको सिफारिस दुराशयबाट अभिप्रेरित रहेको भनी लगाएको आरोप कुनै आधार, प्रमाण र तथ्यले समर्थन गरेको नभई हचुवा र काल्पनिक दावी देखिन्छ । यस विषयमा हरिप्रसाद नेपाल विरुद्ध प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको रिट (२०५१ सालको रिट नं २३०४) मा सम्मानीत सर्वोच्च अदालतले व्याख्या गरिसकेको छ । सो आदेशमा भनिएको छ : दुराशय भन्ने

Scanned with CamScanner

कुरा अनुमान गर्ने कुरा होइन । प्रमाणहरूबाट शंकारहित रूपमा प्रमाणित भएको हुनुपर्छ । त्यसैगरी चित्रबहादुर केसी विरुद्ध प्रधानमन्त्री शेर बहादुर देउवा भएको २०५९ सालको रिट नं ३५४२ मा भनिएको छ : दुराशय प्रमाणित हुन तथ्ययुक्त र युक्तिसंगत आधार हुनुपर्छ । दुराशयपूर्ण कार्य हो भन्ने प्रमाणित हुन कुनै खास घटना तथ्यगत रूपमा प्रमाणित हुनु पर्दछ । प्रस्तुत प्रतिनिधिसभा विघटनको सम्बन्धमा प्रधानमन्त्रीको कुनै खास वैयक्तिक आचरणका कुरा कहीं कतै विचाराधीन रहेको देखाइएको छैन । प्रतिनिधिसभा विघटनका सम्वन्धमा स्पष्ट रूपमा निवेदकहरूले सम्माननीय प्रधानमन्त्रीको बदनियत भएको तथ्य देखाउन नसकेको अवस्थामा बदनियत ठहर गर्ने भरपर्दो आधार कारण र प्रमाण रहेको देखिन्न । प्रस्तुत आधारमा समेत निवेदन दावी निरर्थक रहेको देखिन्छ । विना आधार दुराशयको आरोप लगाउने निवेदकको दाबी नै दुराशयपूर्ण रहेको देखिन्छ ।

(ख) पार्टीमा उत्पन्न अन्त्यहीन गतिरोध र त्यसले सरकार र संसद सञ्चालनमा पारेको अवाञ्छित प्रभावबाट मुलुकलाई निकास दिन संवैधानिक तथा राजनीतिक आवश्यकता (Doctrine of Necessity) समेतको आधारमा प्रतिनिधि सभा विघटनको सिफारिस गरेको हुँ ।

१५. प्रतिनिधि सभा विघटन बाध्यता हो

म प्रधानमन्त्री निर्वाचित हुनासाथै पार्टीका केही नेताबाट सरकार, संसद, संसदीय दल र पार्टी सञ्चालनमा योजनावद्ध र षडयन्त्रपूर्ण रूपमा असहयोग, अवरोध र हस्तक्षेप हुन थाल्यो । मन्त्रिमण्डलको गठन, पुनर्गठन प्रधानमन्त्रीको विशेषाधिकार मानिने संसदीय प्रणालीको मान्यताको विपरित मन्त्रिमण्डलमा आ-आफ्ना समूह स्वार्थका व्यक्तिहरू समावेश गराउन निरन्तर दबाब दिइयो । योग्यता र क्षमताका आधारमा हुनुपर्ने नियुक्तिमा पार्टीले खटाएका आ-आफ्ना नातागोताका वा नजिकका मानिस नियुक्त गर्न केही नेताहरूबाट अवाञ्छित दबाब दिने कार्य भयो । नीतिगत मार्गदर्शन गर्नुपर्नेमा पार्टीका केही नेता सरकार सञ्चालनका स-साना विषयको व्यवस्थापनमा उद्यत हुन खोज्नुभयो । संसदीय दल जसले पार्टी, संसद र सरकारको बीचमा समन्वयकारी भूमिका खेल्दै सरकारका प्रस्तावहरूलाई संसदबाट पारित गराउन नेतृत्वदायी भूमिका खेल्नुपर्नेमा सो नभई सधैंभरी अवरोध र असहयोग मात्रै भयो । संसदीय दल र यसका केही जिम्मेवार पदाधिकारीबाट पार्टी अनुशासनको नाममा सत्तापक्षीय दलको केही संसदीय पदाधिकारीबाट यथोचित भूमिका निर्वाह भएन । संसदका केही समितिहरूबाट संविधानको कार्यान्वयन, जनआकाङ्क्षा अनुरूप विकासका कार्यहरू र सामाजिक रूपान्तरणका विषयमा सरकारले पेश गरेका विधेयक र प्रस्तावहरूलाई वर्षौंसम्म अनिर्णित अवस्थामा राख्ने र सरकारका हरेक अग्रगामी एजेण्डाहरूलाई असफल बनाउन भूमिका खेल्ने काम भयो । संसदमा सरकारले पेश गरेका राष्ट्रिय प्रतिबद्धता व्यक्त भइसकेका र मुलुकको अन्तर्राष्ट्रिय सम्बन्ध र छविलाई प्रभावित पार्ने गम्भीर विषयहरूलाई वर्षौंसम्म छलफलको कार्यसूचीमा समावेश नै गरिएन । पार्टी, संसद र सरकारको नेतृत्वमा रहेको नाताले पार्टी र संसद दुवैमा दलीय अनुशासन कायम गराउनु पनि मेरो प्रमुख कर्तव्य हो । पार्टीमा अनुशासन कायम गर्न संसदको विघटन गर्नु एउटा स्थापित संसदीय अभ्यास हो । व्यक्तिगत राजनीतिक स्वार्थका लागि मैले संविधान, कानून, संसदीय अभ्यास र जनमतको भावना प्रतिकूल हुने कुनै सम्झौता गरी पदमा टिकिरहने विकल्प रोजिन । दलभित्र झाङ्गिँदो राजनीतिक गतिरोधका कारण सरकार सञ्चालन गर्दा हाम्रो दलले घोषणापत्रमार्फत निर्वाचनमा व्यक्त गरेका प्रतिबद्धताहरू पूरा हुन सक्ने अवस्था मैले देखिन । मुलुकले थप दुई वर्ष अनिर्णित र आफ्नै अन्तर्द्वन्द्वमा फसेको सरकार भोग्नुपर्ने अवस्था आउन थाल्यो । यो पार्टी, पार्टीका देशभरका तमाम कार्यकर्ता, आम जनसमुदाय र समग्रमा मुलुकको लागि हितकर हुने थिएन । स्थिर सरकारबाट मुलुकको समृद्धि हुन्छ भन्ने आम जनताले राखेको वैध अपेक्षा (Legitimate Expectation) पूरा हुन नदिनेतर्फ प्रतिनिधि सभा, संसदीय दल र पार्टीबाट भएको असहयोगले वन्धकको अवस्थामा पुगेको मुलुकलाई नवरक्तसञ्चार गराउन प्रतिनिधि सभा विघटन गरी ताजा जनादेशका लागि जानुपर्ने बाध्यात्मक अवस्था आइपरेको हो । त्यसैले बाध्यतावश म प्रतिनिधि सभा विघटन गरी सार्वभौमसत्ता सम्पन्न जनतासमक्ष जाने निर्णयमा पुगेको हुँ ।

Scanned with CamScanner

१६. राजनीतिक कारणको औचित्य न्यायिक पुनरावलोकनको विषय हुन सक्दैन

(क) मैले माथि प्रकरणहरूमा उल्लेख गरेका आधार र कारणहरू प्रतिनिधि सभा विघटनका राजनीतिक परिदृश्य हुन् । यिनै परिदृश्यको कारण नै म सार्वभौम जनतामा जान बाध्य भएँ । प्रतिनिधि सभा विघटन गर्न सिफारिस गर्ने र त्यस आधारमा विघटन गर्ने दुवै कार्य विशुद्ध राजनैतिक निर्णय (Political decision) का बिषय हुन् । त्यस्ता विषयमा संवैधानिक वा कानूनी वैधता (Constitutional or legal validity) को प्रश्नमा न्याय निरोपण गर्नु नपर्ने गरी सम्मानीत सर्वोच्च अदालतबाट सिद्धान्त कायम भएका छन् । मैले प्रतिनिधि सभा विघटनको सिफारिस कुनै वैयक्तिक लाभका लागि गरेको होइन । देश र जनताको हितको अगाडि पद र परिवार कहिल्यै मेरा प्राथमिकताका विषय बनेनन् । लोकतन्त्रप्रतिको अटल प्रतिबद्धता र जनाधिकारका लागि आधा शताब्दीभन्दा बढी लडाइ लडेको इतिहास बोकेर मैले कुनै अवाञ्छित स्वार्थका लागि काम गर्नुपर्ने अवस्था थिएन र छैन । पटक-पटक मृत्युलाई जितेर यो अवस्थामा आइपुग्दा मैले मुलुक तथा जनतालाई बाहेक कोही कसैलाई खुशी गराउनुपर्ने बाध्यता छैन । त्यसैले राजनीतिक अनुशासन कायम गर्न सार्वभौमसत्ता सम्पन्न जनतासमक्ष ताजा जनादेशमा जानुपर्ने आधार र कारण स्पष्ट खुलाई विघटनको सिफारिस गरेको हुँ । प्रतिनिधि सभा विघटनका पछाडि रहेका राजनीतिक कारणहरूको औचित्य न्यायिक पुनरावलोकनको विषय हुन नसक्ने हुँदा विघटित प्रतिनिधि सभा पुनर्स्थापना गरी पाउँ भनी परेको रिट निवेदन खारेजभागी छ।

(ख) संविधानको मर्यादा कायम राख्न, मुलुकको राजनीतिलाई अस्थीरता र अस्वस्थ अभ्यासतर्फ जानबाट रोकी राजनीतिक स्थिरताका लागि मार्ग प्रशस्त गर्न, सुसंस्कृत दलीय राजनीतिक अभ्यास बसाउन र लोकतान्त्रिक एवं विधिमा आधारित जनउत्तरदायी शासन प्रणालीलाई व्यवहारमा उतारी समग्रमा राष्ट्र र जनताको हित प्रवर्धन गर्ने उद्देश्यले गरिएको प्रतिनिधि सभा विघटनको सिफारिसलाई बृहत् राजनीतिक दृष्टिकोणबाट हेरिनु पर्दछ, न्यायिक निरूपणको विषय बनाइनु हुँदैन ।

१७. अत: माथि विवेचित संवैधानिक व्यवस्था, न्यायिक अभ्यास, संसदीय शासन प्रणालीका आधारभूत मान्यता एवं संसदीय शासन प्रणाली अवलम्बन गर्ने अन्य मुलुकहरुका अभ्याससमेतका आधारमा सार्वभौमसत्तासम्पन्न जनतालाई नै निर्णायक मानी ताजा जनादेश लिने गरी गरिएको प्रतिनिधि सभा विघटनको सिफारिस र सो सिफारिसबमोजिम भएका काम कारबाहीहरू संसदीय शासन प्रणालीका मान्यता अनुरुप एवं संविधानसम्मत भएको हुँदा रिट निवेदन खारेज गरी पाउन सादर अनुरोध गर्दछु । यस लिखित जवाफका अतिरिक्त मेरो तर्फबाट रहनु हुने माननीय महान्यायाधिवक्ता तथा सरकारी वकीलहरू र विद्वान बरिष्ठ अधिवक्ता तथा अधिवक्ताहरूबाट हुने बहस जिकीरसमेतलाई यस लिखित जवाफको अभिन्न अङ्ग मानी पाउँ।

लिखित जवाफ प्रस्तुतकर्ता

(केपी शर्मा ओली)
प्रधानमन्त्री

इति संवत् २०७७ साल पुस महिना १७ गते रोज ६ शुभम् ।

Scanned with CamScanner